



“एक निर्दोष व्यक्ति अरुको भलाइ को लागी फिरौती को रूप मा आफ्नो जीवन बलिदान र उहाको शत्रुहरूले उहाँलाई सारा संसार को लागी एक मुक्तिदाता को रूप मा पाएको छ। यो एक पूर्ण उपलब्धि हो । येशू ख्रीष्ट सबैको मुटुमा जन्मनु पर्छ।”

-राष्ट्र पिता महात्मा गान्धी

Source:
1) Gandhi, Christ and Christianity, P. No. 1, Author : Pascal Alan Nazareth
2) My encounter with truth, P. No. 88, Author : Mahatma Gandhi

---

“यदि म प्राच्यको रूपमा, नाजरथका येशूको आराधना गर्नुपर्छ भने, मेरो निम्ति एक मात्र बाटो बाँचेको छ, त्यो चाहिँ: उहाँलाई अरु केही नभएर परमेश्वरको रुपमा आराधना गर्नु हो।” नजारेथका येशूको पालोमा यदि मा प्यालेस्टाइनमा बसथिए भने, मैले आसुले नभएर मेरो हिर्दयको रगतले उहाको पाउ धुने थिए”।



- भिस्व मानव स्वामी विवेकानन्द

Source:
1) The Complete works of Swamy Vivekananda, Vol-4, P. No. 143, Author : Swamy Vivekananda
2) The Master as I Saw Him, P. No. 233, Author : Sister Nivedita

---



“जब येशू ख्रीष्ट क्रुशमा हुनुन्थ्यो, उहाँले आफैलाई बचाउनु भएन किनकि उहाँ संसारलाई बचाउनको निम्ति जन्मनु भएको थियो न कि आफैलाई वचाउन।” “जहाँसम्म मेरो समझले भ्याउँछ, मलाई लाग्छकी यहाँ एकमात्र त्यस्तो व्यक्ति हुनुहुन्छ जसलाई गुरुको नामले बोलाउन सकिन्छ र त्यो चाहिँ नजारथका येशू हुनुहुन्छ र उहाँजस्तो अरुकोहि छैन।”

-भारत का पूर्व राष्ट्रपति डा. सर्भेपली राधाकृष्ण

Source:
1) A Series of Vasan's life history, P. No. 15, Author : G. T. Ashwathnarayan
2) To the Unknown God, Chapter 20, P. No. 161, Author : Vicki Harley Holland

---

“यो संसारका दुईवटा शक्तिहरू 'तरवार र प्रेम'हुन।” प्रेमले सधैं तरवारलाई हराउदछ। उदाहरणको लागि: एलेक्स्जेण्डर, कैसर र चारलेमन्लेआफ्नो तरवारको शक्तिले आफ्नै साम्राज्य खडा गरे तर आज ती सम्रज्यहरु छैनन्। तर, केवल येशू ख्रीष्टले प्रेमको जगमा आफ्नो राज्य स्थापना गर्नुभयो र आज पनि लाखौं मानिसहरू उहाँको निम्ती आफ्नो ज्यानसमेत दिन तयार छन्।”



– महान सम्राट नेपोलियन बोनपार्टे

Source:
The message of Upanishad, P. No. 529, Author : Shri Swami Ranganathananda

**Grace Bretheren Assembly**
Paper Town, Bhadravathi – 577 302,
Shivamogga Dist. Karnataka State, India.

# सत्यमेव जयते

(Nepali)

## TRUTH ALONE TRIUMPHS



*S. Giri*

आदरणीय रेभ. डा. फ्रान्सिस
सेराओं इस. जे
सिमोगा का विशप

विशपको ठेगाना
मल्लिगेनहल्ली, सागरा रोड,
शिमोगा - ५५७२०५
कर्नाटक- भारत
फोन न: +91 9448355813
ईमेल :
bpfrancisserraosj@gmail.com

## बधाई र आशीर्वादका शब्दहरू

एस्. गिरी ख्रीष्टका भक्त हुन् र उनले येशू लाई आफ्नो मुक्तिदाता भनिकन स्वीकार गरेका छन्। एस्. गिरी ले 'सत्य मा विजय छ' नामक एउटा सानो किताब लेखेका छन्, जसले ख्रीष्टको परिचय दिदछ। यो किताब भारतका विभिन्न पन्ध्र भाषामा उद्दत गरिएको र सैयौं मानिसहरूका हातमा पुगिसकेको छ।

यो किताबमा भएका बीस वटा अध्यायले येशूख्रीष्टको बारेमा, भारतीय पुस्तकहरुले र संस्कृतिले के भन्छ भन्ने बारेमा संक्षिप्त रूपमा जानकारी दिदछ। आमा मारियम र येशूको बारेमा कुरान ले के भन्छ भन्ने बारेमा पनि यो पुस्तकका केही पाना हरुमा पढ्न पाउँछौ। लेखकको उदेस्य चाहिँ, जसरी महात्मा गान्धी जी र मदर टेरेसा ले येशूको जीवनी बाट उत्साह पाएर जीवन जिए त्यसैगरी यो पुस्तक अध्ययन गर्नेले पनि उत्साह/ प्रेरणा पाउन भन्ने हो।

हरेक व्यक्ति चाई अन्धकार बाट ज्योति तर्फ हिड्नु जरुरी हुन्छ । येशू ख्रीष्ट चाहिँ स्वर्ग र पृथ्वीको ज्योति हुनुहुन्छ जसले हाम्रो जीवनलाई डोर्याउनु हुन्छ। तिनीहरू धन्यका हुन जसले येशूमा विश्वास गरेका छन्। अन्धकारमा हराइरहेकाहरुलाई ज्योति तर्फ



डोर्याउनु हाम्रो जिम्मेवारी हो। दुई हजार साल अगाडि जन्मनु भएका येशुखृष्ट लाखौं को लागि आशाको प्रतीक हुनुहुन्छ।

"परमेश्वरका आत्मा म माथि हुनुहुन्छ, किनकि उहाँले मलाई गरिबहरूका बीचमा सुसमाचार प्रचार गर्न अभिषेक गर्नु भएको छ। उहाँले मलाई बन्धनमा भएकाहरुको छुटकारा, ज्योति गुमेका अन्धाहरुको निम्ति ज्योति, थिचोमिचो मा परेकाहरुलाई छुटकारा दिलाउन र परमेश्वरको अनुग्रहको दिनहरुको घोषणा गर्न लाई बोलाउनु भएको छ।"

परमेश्वरको राज्य चाहिं सत्यता, न्याय, र एकअर्कालाई आदर गर्नमा छ। ख्रीष्टले हामीलाई यस्तै बाटोमा हिँड्नलाई बोलाउनु भएको छ। यो पुस्तकले त्यही उत्कृष्ठ संदेश बोकेको छ।

एस्. गिरी, परमेश्वरको भक्त ले गर्नु भएको योगदान प्रति हामी परमेश्वरमा धन्यवादी छौ। यो पुस्तकका लेखक को आशा छ कि, यो पुस्तकले धेरैलाई येशू ख्रीष्ट चिनाउनेछ र जसजसले प्राथनाको साथमा अध्ययन गर्दछन् उनीहरू उहाँको नाउँमा आसिसित हुन सकुन।

तपाईको निम्ति ख्रीष्टको सेवामा

+ Francis Serrao

आदरणीय रेभ. डा. फ्रान्सिस सेराओं इस. जे.
सिमोगा का विशप

## दृष्टिकोण

श्रीमान एस गिरीलाई म राम्रोसँग जान्दछु जसले थुप्रै पुस्तकहरु, परमेश्वरको वचन, महान अगुवाहरुका भनाइहरुको अध्ययन -अनुसन्धान एवं खोजि र येशू ख्रीष्ट स्वंको जिवनको गहिरो अध्ययन गरी यो “सत्यमेव जयते” नामको पुस्तक लेख्नुभएको छ । यस पुस्तकको अभिप्राय अलौकिक सत्यलाई साधारण भाषा शैलिमा ब्याख्या गर्नु हो, ताकि साधारण मानिसहरुले पनि बुझ्न सकुन र सत्यको खोजि गर्नेहरुले सो भेट्टाउन सकुन। यसको तात्पर्य अनन्तसँग सम्बन्धित प्रश्नहरु जस्तैः म को हुँ? म किन यहाँ आएँ? म कहाँ जाँदैछु? मेरो जीवनको उद्देश्य के हो? आदिलाई यस पुस्तकमा राम्रोसँग सम्बोधन गरिएको छ । धेरै मानिसहरु जीवनको बारेमा, अति ब्यस्तता र दोसिभावनाले सताएइको कारण सधै दोधारमा परेका छन्; जसकारण शान्ति र आनन्द खोजिरहेका छन् । यस विषयमा बिभिन्न बिचारहरु थुप्रै गुरुहरुले संचार गरिरहेका छन् तर पनि आधिकारिक र सर्वस्विकार्य बिचार चाहि के होत ? भन्ने सवालमा अझै पनि विवाद छ । हाम्रो जीवन बहुमुल्य छ तर यो चाडै बितेर जानेछ । हामीले यस पृथ्वीमा हुँदा गरेको निर्णयले हाम्रो अनन्त जीवनलाई प्रभाव पार्नेछ । यस कुराको गम्भिरतालाई ध्यानमा राख्दै श्रीमान गिरीले मानवको अन्तिम गन्तब्यको बारेमा प्रसश्त तथ्यहरु सामने ल्याउनुभएको छ । उदाहारणको लागि स्वर्ग र नरक के हो ? कसरी स्वर्ग जाने? आदि बिषयमा गहिरो छलफल गरिएको छ । खुल्ला र सफा दिलले खोजी गर्ने पाठकहरुले निस्चय नै सत्य पत्ता लगाउँनेछन् र रमाउँदै सत्यको आशिष उपभोग गर्नेछन्।

यो पुस्तक पहिला कन्नाडा भाषामा लेखिएको थियो । यसको लोकप्रियता बढ्दै गएपछि यसलाई अंग्रेजी भाषामा अनुवाद



गरियो । यस पुस्तकमा प्रयोग गरिएका बचनका खण्डहरुलाई सरल र संक्षिप्त तरिकाले ब्याख्या गरिएको छ । विस्वास गर्नुहोस् जसै तपाइ यो पुस्तक पढेर बुझ्दै जानुहुन्छ तपाइले साँच्चिकै आशिष पाउँनुहुनेछ ।

**प्रभुदास टि एस आर टी म्याजेनर (HRD) एम पि एम भद्रावथी**

**लेखकको तर्फबाट केहि शब्दः** हामी बहुसाँस्कृतिक, बहु भाषिक र बहुजातिय समाजमा बस्तछौं । जीवनका धैरैजसो महत्वपूर्ण प्रश्नहरु अझै पनि अनुत्तरित नै छन् भने कतिपय अवस्थामा ज्यादै बिवादस्पद तरिकाले प्रस्तुत गरिएका हुन्छन। सत्य पत्ता लगाउँनको लागि, भारतको संविधानमा व्यवस्था भए बमोजिम; विना पुर्वाग्रह मैले ब्यक्तिगत रुपमा प्रसस्तै अध्ययन गरी जे सत्य पत्ता लगाएँ, त्यसलाई यस पुस्तकको रुपमा छोटकरीमा उतारेँ । मेरा प्रिय सहकर्मिहरुको फाइदाको लागि यस पुस्तकलाई कुनै विभेद वा पूर्वाग्रह वा कुनै ब्यक्तिगत स्वार्थ नराखी यो पुस्तक उपलब्ध गराएको छु । सबैजनाले सत्य पत्ता लगाउनुपर्छ भन्ने मरो एक मात्र प्रार्थना छ । किनभने सत्यको मात्र विजय हुन्छ । त्यसैकारण मैले यस पुस्तकको नाम “सत्यमेव जयते” अर्थात सत्यको विजय हुन्छ भनि नामाकरण गरेको हुँ । म यस अवसरमा मेरा केहि मित्रहरुलाई यो पुस्तक अनुवाद, सम्पादन र प्रकासन गर्ने काममा सहयोग गर्नुभएकोमा धन्यावाद भन्न चाहान्छु । उहाँहरुमध्ये मैसुरबाट श्रीमान इ डि प्रसाद, धारवारबाट श्रीमान थियोफिलस विल्ला, सीभमुङ्गबाट श्रीमान डेभिड राज, श्रीमति पुष्पा जेम्स र बैङ्गलोरबाट श्रीमति मोना मथियस हुनुहुन्छ । यो पुस्तक प्रकासन गर्न अनुग्रह गर्नुभएको लागि म परेमेश्व पितालाई धेरै धेरै धन्याबाद भन्दछु ।

**एस गिरी**

## सामाग्री

१. भारतीय सभ्यता............................................................................... ४
२. मानब आत्माको लागि मृत्यु छैन.......................................................५
३. स्वर्गको बाटो.......................................................................................८
४. परमेश्वरको दया...............................................................................१०
५. वेदअनुसार सृस्टीकर्ता र बलिदान मापदण्डहरु.........................१२
६. पुनरुत्थान र येशु स्वर्ग उचाली लगिनु भएको..............................१४
७. येशु ख्रिस्ट चाडै आउनुहुने छ.....................................................१५
८. हामीलाई पाप बाट कसले छुटाउन सक्छ?..............................१७
९. येशु ख्रिस्तले भन्नु भएको कुरामा हामीले किन बिस्वास गर्नु पर्छ?............................................................................१७
१०. पवित्र बआइबलको इतिहास......................................................१८
११. धनी मानिस र माग्ने को दृष्टान्त..................................................२०
१२. येशू ख्रीष्ट को हुनुहुन्छ? तपाइँको निर्णय के छ?......................२०

### दैनिक समाचार पत्रहरुमा प्रकाशित लेख

१३. येशू ख्रीष्ट जो पवित्र परमेश्वर हुनुहुन्छ.........................................२१
१४. येशूको डाँडाको उपदेशको एक सारांश.................................२४
१५. येशू द्वारा प्रदर्शन गरिएका प्रमुख चमत्कारहरु........................२६
१६. व्यभिचारमा फसेकी एक महिलालाई न्यायको लागी येशूको सामु ल्याईयो.........................................................३२
१७. "मृत्यु पछि के हुन्छ?" भन्ने प्रश्नको बाइबल अनुसार सिधा जवाफ......................................................................३५
१८. येशू ख्रीष्टले क्रुसमा बोल्नु भएका सात वटा वाणीहरु.............३८
१९. येशूको सिक्षा संसारभरि घोषणा गरिएको.............................३९
२० . ईश्वरीय ज्ञान ..........................................................................४४



## 1. भारतीय सभ्यता

हिन्दुधर्म विश्वको तेश्रो ठुलो र भारतको चाँहि सबैभन्दा पुरानो धर्मको रुपमा मानिन्छ। लगभग ई. पू. ३००० तिर "आर्यन"हरु भारतको उत्तरी भू-भागमा बसाई सरेर आए। उनीहरुको भाषा र संस्कृति भारतीय बासिन्दाहरुले (जो सिंध भनिने ठाँउमा बस्दथे) अभ्यास गर्न थाले। सोहि ठाँउमा बस्ने मानिसहरुलाई "हिन्दु" भनिन थालियो र जुन धर्म उनीहरुले मान्दै आए त्यसलाई नै हिन्दु धर्मको नाम दिइयो। जब उनीहरुको बसोबास बढेर गयो उनीहरु सत्य सृष्टिकर्ताको खोजीमा लागे। वैदिक -अवधिदेखि, पुजाको/आराधनाको समयमा उनीहरु ऋग्वेद बाट मन्त्र/श्लोक पढ्ने गर्दथे।

(देभथर्चना बिधि पेज न: ६२)

**यानि कानि च पापानि जन्मांतर कृतानि च।**
**तानि सवार्णि नश्यन्तु प्रदक्षिणे पदे-पदे।।**
**पापोऽह पापकर्माहपापत्मा पाप सम्भव:।**
**त्राहि मा कृपया देव सरणागत वत्सल ।।**
**अन्यथा सरणम् नास्ती त्वमेव सरणम् मम ।**
**तस्मात् कारुणभावेंन रक्ष रक्ष जनार्दन ।।**
**आ..नम:। प्रदक्षिंण नमस्कारान समर्पयामि।।**

"म मेरा पापहरु जो मेरो पूर्वजन्म मा मैले गरेको छु ,
त्यसलाई मेटाउनको निम्ति म देवता को वरिपरि घुम्छु।
म पापी स्वभावको भएको कारण मैले पाप गरेको छु।
देव, तपाईले त्यसलाई त्याग्नुहुन्न जसले तपाईंमा
शरण लिन्छ,

दया गरिकन मलाई  बचाउनुहोस।
तपाईं  बाहेक मेरो अर्को शरणस्थान छैन।
यसर्थ, म तपाइको अगाडी नतमस्तक हुन्छु र
बिन्ती गर्छु कि म माथी दया गरिदिनुहोस्।
मलाइ बचाउनुहोस मानिसहरुका दयावान राजा,
म तपाईं पट्टि फर्किन्छु प्रशंसा र आरधनाको साथमा।”

यस संसारमा जन्म लिने हरेक व्यक्तिमा दुई किसिमको पाप हुन्छ। पहिलो चाहिँ जन्मजात र दोस्रो खराब काम बाट। बचनले भन्छ “त्यहाँ पापरहित मानिस कोही छैनन्। एउटै पनि छैनन्! यदि हामि आफैलाई धर्मि छौ भनि भन्छौ भनेता आफैंलाई धोका दिदैछौ र हामीमा सत्यता छैन। उसोभए, पापबाटको छुटकारा कहाँ छ त? मानिसका असल काम, सद्‌गुण र धार्मिक क्रियाकलाप, सामाजिक  सेवाको काम कुनैले पनि मानिसलाइ पापको बन्धन बाट छुटकारा मिल्न सक्दैन। अनिवार्य नियमहरु, धर्मविधि, तपस्या, भक्तिका अनिवार्य अभ्यासहरू कुनैले पनि हामिलाइ पवित्र परमेश्वरको अगाडी धर्मि तुल्याउदैन। जबकि हामीले आफैलाई पापमय स्वभाव मा लिप्त बनाएका छौ, के हामी स्वर्ग जान पाउछौँ? पवित्र बाइबल ले भन्छ, परमेश्वरको अगाडी हामि सबै अशुद्ध र अपवित्र छौ र हाम्रा धार्मिक क्रियाकलापहरु फोहोरी र अशुद्ध कपडा जस्तै छन्।



## श्री पुरंदरदासले जीवनलाई यसरि ब्यक्त गरेका छन्:

**बव बला डोलडल नपलाहावघलरदरनपला || ||**
**कटलावबदहधमानजमवतणयनामादनपाला || ||**
**मिथथानबलसधानयमाधदनपला || ||**
**कपाटथनदलकादतजनजनपजनमाददनापाला || ||**
**पाथलानधपासतबाहवदवतागलामाददनापाला || ||**
**हनगनागलगदगनायसनावमाददनापा | ल |**

“मानिस लाइ के फाइदा ,यदि उसले आफ्नो धुर्तता नत्यागीकनै मन्त्र पढ्छ भने? के पाउछ तिर्थ यात्रा बाट, यदि उसले आफ्नो आमा-बुबालाइ दुख दिन्छ भने? प्रार्थनाको के मतलव यदि ऊ, मानिस लाई धोका दिन लिप्त हुन्छ भने? पत्नीले व्रत बसेको के मतलव भयो यदि उनि श्रीमान प्रति प्रतिद्वन्दी छिन् भने ? अधर्म नत्यागीकन पवित्र गंगामा स्नानको के अर्थ?

तसर्थ, यो संसारमा पापरहित र अमर पवित्र व्यक्तिको  आवश्यकता देखा पर्यो ।जो चाहिँ , परमेश्वर जसले आफु लाइ वचन (ओमकार /वाक्य) को रुप मा चिनाउनु भयो।आत्माको रुपमा हुनुभएको सृष्टिकर्ता, मानिसहरुको जन्मजातको पापहरुबाट शुद्ध पार्नको खातिर आफ़ैलाइ बलिदान  को रुपमा मानिसको अवतार लिएर आफु स्वयंलाइ बलि दिनु भयो ।

## २. मानब आत्माको लागि मृत्यु छैन

सृष्टिको सुरुवातमा, सृष्टिकर्ताको वचन (यस्तो होस्)को शक्तिद्वारा सम्पूर्ण सिर्जना गरिएका- चराचुरुंगी र जनावरहरु शरिर र जीवन लिएर अस्तित्वमा आए र मृत्यु पछि, तिनीहरुको अस्तित्व हराएर जान्छ। तर , जब सृष्टिकर्ताले मानिस बनाउदै हुनुहुन्थ्यो , उहाले भन्नु भयो, “अब हामी मानिस सृष्टि गरौं। हामी मानिस हाम्रै स्वरुपमा बनाउनेछौं..” यसर्थ, परमेश्वरले आफ्नै प्रतिरूपमा मानिसलाई धुलोबाट सृष्टि गर्नुभयो र जीवन को सास फुकिदिनुभायो र मानिस जीवित प्राणी भयो। यसरी पर्मेश्वरले मानिसलाई प्राण , आत्मा र शरीर गरिकन बनाउनु भयो। यद्यपि मानिसको आत्मा र प्राण उसको शरीरमा रहने गर्दछ।

मनिसको जीवन यस संसारमा क्षणिक छ। एक न एक दिन पक्कैपनि हामीले यो संसार छोड्नुपर्ने हुन्छ। संसारमा जन्मलिएको मानिस साहसी, धनि, सद्गुणी वा बुद्धिमान हुनसक्छ तर जब मृत्युको बारेमा उसले सुन्छ डर र त्रास ले उसलाई छोप्छ। मानिसमा मृत्युको कारण विभिन्न रोगव्याधि, दुर्घटना, प्राकृतिक प्रकोप वा अरु कुनै हुनसक्छ। हामीलाई थाहा छैन कहिले , कहाँ र कसरी मृत्यु आँउछ। यस मृत्यु बाट कोहिपनि भाग्न सक्दैन किनकि यो सृष्टिकर्ताकै नियुक्ति हो । यो मृत्यु चाहि शरीरको हो प्राण को होइन। शरीरमा, प्राण सगैं रहेको हुन्छ जब प्राण शरीर बाट छुटेर जान्छ अनि मानिसको मृत्यु हुन्छ र प्राण चाँहि अनन्तको स्वर्ग वा नर्क मा जाँदछ। यी दुइ बाहेक तेस्रो कुनै ठाउँ छैन।



## नर्क

हामी नर्क जानको लागि हाम्रो पापमय स्वभाव बोकेर अरु केहि गरिराख्नु पर्ने जरुरि छैन ,त्यहाँ हाम्रो बकाईदा स्वागत हुन्छ। नर्कको मतलब यो होइनकि, व्यभिचारमा रमाउनु, पियक्कडपन, अस्वॉउदिलो नृत्य वा अरु तेस्तै। नर्क डरलाग्दो ठाँऊ हो। त्यँहा दन्किने आगोको ज्वाला हुन्छ। यो चाहीँ अनन्तको पिडा, सजाय पाइने ठाउँ हो। आजको दिनहरुमा, यी कुराहरु बैज्ञानिक रुपमा प्रमाणित भै सकेको कुरा हुन् ।

पवित्र कुरानले नर्कलाई यसरि व्याख्या गरेको छ (अल. हज. सुरा २२: १९-२२ र २३:१०४)

22:**Al-Hajj** سُوْرَةُ الحَجّ ٢٢

ے پروردگار (کے بارے) میں جھگڑتے ہیں۔ تو کافر ہیں ان کے لئے آگ کے
ں پر جلتا ہوا پانی ڈالا جائے گا

२२: १९- यी दुई मध्ये , विश्वासि र अविश्वासी, विश्वासी हरु ही आफ्नो परमेश्वरको बारेमा सोच्ने गर्दछन। तर जो अविश्वासी छ उसलाई दन्किरहेको ज्वालामा फ्याँकिने छ । उनीहरुको शिरमा उम्लिरहेको पानि खन्याइने छ।

:20 اس سے ان کے پیٹ کے اندر کی چیزیں اور کھالیں گل جائیں گی

२२:२०- ता कि उसको छाला मात्र नभएर शरीरको भित्रि भाग सम्मै पग्लिजानेछ ।

:22 جب وہ چاہیں گے کہ اس رنج )وتکلیف (کی وجہ

سے دوزخ سے نکل جائیں تو پھر اسی میں لوٹا دیئےجائیں گے۔ اور

(کہا جائے گا کہ) جلنے کے عذاب کا مزہ چکھتے رہو

२२:२१- र उनीहरुलाई दण्ड दिनलाई फलामको गदा राखिएको हुनेछ।२२:२२- जति पटक डरले भरिएको प्राण भाग्न खोज्दछ त्यति पटक नै नर्कमा तानिने छ र भनिने छ "जलिरहेको नर्कको दण्ड मा रमाहट गर।"

**२३: सुरा अल- मुमीनन**

२३:१०४- दन्किरहेको आगोको ज्वालाले उनीहरुको अनुहारको छाला पगाल्ने छ र उनीहरुको बङ्गारा झर्ने छ । सदाको निम्ति नर्कमा फालिने छन्। उम्लिरहेको पानीले उनीहरुको तिर्खा मेटाउन लगाइने छ, जसले गर्दा उनीहरुको शरीर का भित्रि अंगहरु पग्निजानेछन । उनीहरु मृत्युको लागि प्रार्थना गर्न थाल्नेछन्. तर मृत्युले पनि तिनीहरुलाई उपहास गर्नेछ।

**23: Surah Al-Muminun** سُوۡرَةُ المؤمنون ٣٢

04 : ڑھائے ہوں گے آگ ان کے مونہوں

کو جھلس دے گی اور وہ اس میں تیوری چ

पवित्र बाइबलमा पनि यसरि लेखिएको छ कि नरकमा, जसलाई किरा लाग्दछ त्यो कहिल्यै मर्दैन। नरकमा, आगो पनि कहिल्यै निभ्दैन। तर परमेश्वर को अनुग्रहले दन्किरहेको अनन्तको आगोमा फालिन बाट बच्न सकिन्छ। शैतानलाइ र उसका राजदुतलाई सजाय दिनको निम्ति अनन्तको आगो, परमेश्वरले नर्क बनाउनु भएको हो, कदापी पनि मानिसको सजायको लागि हैन।



## स्वर्ग

पवित्र बाइबलले भन्दछ, साँगुरो बाटो भएर भित्र पस। नर्क को बाटो चाँही फराकिलो छ। धेरैजनाहरु यहि बाटो भएर जानेछन्। स्वर्गको बाटो चाँहि सागुँरो र अफ्ठ्यारो छ र थोरैजनाले मात्र यो बाटो भेट्टाउने छन्। किनभने मानिसले सारा संसार हात पारेर पनि आफ्नो आत्मा गुमायो भने त्यसलाई के फाइदा भयो?

**येशू ख्रीष्टका चेला यहुन्नाले देखेको स्वर्गको दर्शन यसरि लेखिएको छः**

सात स्वर्गदूतहरु मध्ये एकजना दूत मेरोमा आए। तिनी स्वर्गदूतहरु मध्येका एक हुन् जसकोमा अन्तिम आखिरी कष्टहरुले भरिएका सात कचौराहरु थिए। ती स्वर्गदूतले भने, "मसित आऊ म तिमीहरुलाईपरमेश्वरको थुमाको दुलही देखाँउछु जो परमेश्वरको थुमाकी पत्नी हो।" ती स्वर्गदूतले मलाई आत्मामा बोकेर अत्यन्त विशाल अनि उच्च पर्वतमा लगे अनि पवित्र नगर, यरुशलेम देखाए। त्यो नगर परमेश्वरको स्वर्गबाट-तलतिर भरिरहेथ्यो।यो परमेश्वरको महिमाले चम्किरहेथ्यो। यसको चमक वहुमूल्य रत्न बिल्लौर झैं उज्ज्वल थियो। त्यो नगरमा बाह्र ढोकाहरुसहित एक विशाल उच्च पर्खाल थियो जहाँ बाह्रजना स्वर्गदूतहरु थिए। प्रत्येक ढोकामा इस्राएलीहरुका बाह्र वंशहरु मध्ये एक वंश परिवारको नाउँ लेखिएको थियो। पूर्वपट्टि तीन ढोका, उत्तरपट्टि तीनवटा ढोका, दक्षिणपट्टि तीनवटा ढोका अनि पश्चिमपट्टि तीनवटा ढोकाहरु थिए। नगरका पर्खाल

बाह्रवटा आधारशिलामाथि निर्माण गरिएको थियो। शिलाहरुमा भेंडाको पाठाको बाह्र-प्रेरितहरुको नाउँ लेखिएको थियो। त्यो स्वर्गदूत जसले मसित कुरा गरे, तिनको हातमा सुनको नाप्ने डन्डा थियो। त्यो स्वर्गदूतसित भएको डन्डा, त्यसको ढोका अनि पर्खालहरु नाप्नको लागि थियो। त्यो नगर एक वर्गाकार क्षेत्रमा निर्माण गरिएको थियो। त्यसको लम्बाई र चौडाई बराबर थियो। स्वर्गदूतले त्यो डन्डाले नगरको नाप गरे। त्यो नगर बाह्र हजार स्टेडिया लामो, बाह्र हजार स्टेडिया चौडा अनि बाह्र हजार स्टेडिया अग्लो थियो। स्वर्गदूतले पर्खाललाई पनि नापे। त्यो एक सय चवालीस हात थियो। यो मानिसहरुको नपाई हो जो स्वर्गदूतले चलाए। पर्खाल विल्लौरले बनाइएको थियो। त्यो नगर शुद्ध काँच जस्तो शुद्ध सुनले निर्माण भएको थियो। त्यो नगरको पर्खालका आधारशिलामा हरेक किसिमका मूल्यवान मोतीहरु थिए। पहिलो आधारशिला बिल्लौर, दोस्रो नीलम, तेस्रो स्फटिक, चौथो पन्ना, पाँचौ गोमेद, छैटो मानक, सातौं पीतमणि, आठौं पिरोजा, नवौं पोखराज, दशौ लहसूने, एधारौं धुम्रकान्त अनि बाह्रौं चन्द्रकान्त रत्नहरु थिए। बाह्र ढोकाहरु बाह्र मोतीहरु थिए। प्रत्येक ढोका एक एक मोतिद्वारा निर्माण गरिएको थियो। नगरको गल्ली सफा काँच झैं शुद्ध सुनको बनाइएको थियो। त्यो सुनको काँच जस्तै स्वच्छ थियो। मैले नगरमा मन्दिर देखिन। सर्वशक्तिमान परमप्रभु परमेश्वर अनि थुमा नगरको थुमा थियो। नगरलाई उज्यालो पार्न सूर्य अनि चन्द्रमा चाँहिँदैनथ्यो किनभने परमेश्वरको महिमाले त्यो नगरलाई प्रकाश दिन्छ अनि भेंडाको पाठा नगरको बत्ती हो। संसारका राष्ट्रहरु नगरको प्रकाशमा हिँडनेछन्। पृथ्वीका राजाहरुले आफ्ना गौरव त्यो नगरमा ल्याउने



छन्। नगरको ढोकाहरु कुनै दिन बन्द रहेन, किनभने त्यहाँ रात छैन। राष्ट्रहरुका महानता अनि सम्पति त्यो नगरमा ल्याइनेछ। नगरमा अस्वच्छ वस्तुहरु केहि पस्न पाउने छैन। कुनै पनि मानिस जो लज्जाजनक कुरा गर्छ वा झूटो बोल्छ यो नगरमा कहिल्यै प्रवेश गर्ने छैन। केवल ती मानिसहरु जसका नाउँ भेंडाका पाठाको पुस्तकमा लेखिएको छ, नगरमा प्रवेश गर्नेछन्।

(प्रकाश २१:९-२७)

## ३. स्वर्गको बाटो

जब स्वर्गदुत ले पाप गरे, परमेश्वरले छुट दिनु भएन तर सदा को लागि साङ्लोमा बाधिं न्यायको दिन् सम्मकोलागी अन्धकारमा राखिदिनुभयो। तर जब मानिसले पाप गर्यो, “परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।” लगभग ७०० वर्ष पहिला येशू ख्रीष्ट जन्मिनु भयो, अगमवक्ता यसैयाले भने झैँ, “तर परमेश्वर, मेरो मालिकले, तिमीलाई चिन्ह देखाउनु हुनेछः हेर कन्या स्त्री गर्भवती हुनेछ र उसले एउटा छोरो जन्माउनेछे उसको छोरोको नाउँ इम्मानुएल राखिनेछ।” “कुनै विशेष बालक जन्मदा त्यस्तो घटना हुनेछ। परमेश्वरले हामीलाई एउटा पुत्र दिनु हुनेछ। त्यही बालकले मानिसहरूमाथि शासन गर्ने जिम्मेवारी लिनेछ। उहाँका नाउँ “अचम्मका सल्लहाकार, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाउनु हुनेछ।” उहाँको राज्यमा शक्ति

र शान्ति रहनेछ। दाऊद परिवारको यस राजा सदा अभिवृद्धि भइरहनेछ। यस राजाले सदा-सदाकोलागि धार्मिकता अनि न्यायका साथ देश शासन गर्नु हुनेछ। सेनाहरूका परमप्रभुसित आफ्ना मानिसहरूप्रति उत्कट प्रेम छ। यस उत्तेजित जोशले गर्दा यो सबै उहाँद्वारा गरिनेछ। मेरा मालिकले याकूबका मानिसहरूका विरूद्ध आज्ञा दिनुभयो। इस्राएलको विरूद्धमा दिनुभएको त्यो आज्ञा पालन हुनेछ।" यसरि अगमवक्ता यसैयाले व्याख्या गरेका छन्। (पवित्र धर्मसास्त्र बाइबल)

संसार सृष्टि हुन पहिल्यै त्यहाँ वचनथियो। त्यो वचन परमेश्वरसंग थियो, अनि वचननै परमेश्वर हुनुहुन्थ्यो।उहाँको वचन शुरूमा परमेश्वर सँग हुनुहुन्थ्यो र उहाँकै माध्यमबाट विश्व सिर्जना हुन सक्यो। उहाँ विना केही सृजना हुन सकेन। उहाँ स्वयं जीवन हुनुहुन्थयो। त्यो जीवन मानिसहरूको निम्ति ज्योति थियो। त्यो ज्योति अँध्यारोमा चम्कन्छ। अनि अन्धकारले ज्योतिलाई जित्न सक्दैन। परमेश्वरद्वारा पठाइएको यूहन्ना नाउँका एकजना मानिस थिए। यूहन्ना त्यही ज्योतिको विषयमा साक्षी दिन आएका थिए। उनकै माध्यमद्वारा मानिसहरूले ज्योति र विश्वासबारे जान्न-सुन्न पाए। यूहन्ना ज्योति थिएनन्, तर उनी ज्योतिको बारेमा साक्षी दिन आएका थिए। सत्य-ज्योति संसारमा आइरहेकाछन् भनेर उनले बताई दिए। त्यो ज्योतिले सम्पूर्ण मानिसहरूलाई ज्योति दिनेछ। उहाँ संसारका हुनुहुन्थ्यो, संसार उहाँद्वारा हुन आयो, तर संसारले उहाँलाई चिनेन। उहाँ स्वयंले सिर्जना गरेको संसारमा आउनु भयो तर उहाँको आफ्नो मानिसहरूले उहाँलाई स्वीकार गरेनन्। केही मानिसहरूले मात्र उहाँलाई स्वीकार गरे। ज-जसले उहाँलाई



स्वीकार गरे उनीहरूलाई मात्र परमेश्वरको सन्तान हुने अधिकार उहाँले दिनुभयो। ती बालकहरू प्राकृतिक तवरबाट जन्मेका थिएनन्। तिनीहरू आफ्नो आमा-बाबुको शारीरिक इच्छा अथवा निर्णयबाट जन्मेका थिएनन्। बदलामा तिनीहरू परमेश्वरबाट जन्मेका थिए। वचन शरीर हुन आए र हामी माझ बसे। हामीले उहाँको महिमा देख्यौं, अनि हामीले पिताका एकमात्र पुत्रको महिमा जस्तो उहाँको महिमा देख्यौं। वचन अनुग्रह र सत्यताले पूर्ण थियो। यूहन्नाले ख्रीष्टकै सम्बन्धमा मानिसहरूलाई भने, "उहाँ एकजना हुनुहुन्छ जसका विषयमा म भनिरहेको थिंए, 'जो म पछि आउनु हुन्छ, उहाँ मभन्दा महान हुनुहुन्छ। किनभने उहाँ मभन्दा पहिल्यै आउनु भएको थियो। उहाँ वचन, अनुग्रह र सत्यको भण्डार हुनुहुन्छ। हामीले उहाँबाट धेरै आशिष पाएका छौं। मोशाबाट व्यवस्था प्रदान गरिएको थियो तर अनुग्रह र सत्यको बाटो येशू ख्रीष्टबाटै आयो। कसैले पनि कहिल्यै परमेश्वरलाई देखेका छैनन्। तर एकमात्र पुत्र जो परमेश्वर हुनुहुन्छ अनि जो पिताको अति नजिकमा हुनुहुन्छ र उहाँले हामीलाई परमेश्वर चिनाउनु भएकोछ। (यूहन्ना१:१-१८)

बेथलेहेम भनिने ठाँउमा, जब कुमारी स्त्री मरियम जो पवित्र आत्माको शक्ति द्वारा गर्भवती भईन अनि तिनले जेठो पुत्र जन्माइन्। त्यसबेला धर्मशालाभित्र ठाउँ थिएन। त्यसैले तिनले आफ्नो बालकलाई लुगाहरूले बेरिन् अनि एउटा डूँडमा सुताइन। परमेश्वरका दुतले भनेझै, उसको नाम "मसिहा"राखियो त्यसको अर्थ हुन्छ " उसले मानिसहरुको पाप बाट छुटकारा दिने छ। जब बप्तिस्मा दिने यूहन्नाले येशु लाइ देखे, पछि लागेका

भिडपट्टि फर्के र भने "हेर, परमेश्वरका थुमा जसले संसारको पापहरू उठाई लाने छ।" हामि हरु शरीर र रगतमा भएको कारणले, परमेश्वर पनि मानिस को झैँ रगत र शरीर भएर, यो संसारमा आउनुभयो। यस्तो लेखिएको छ, "उहाँ हाम्रो निम्ति मानिसको रूपमा प्रकट हुनुभयो, आत्माद्वारा उहाँ सत्य सावित हुनुहुन्छ। उहाँ स्वर्गदूत अघि देखा पर्नुभयो, सुसमाचार अन्य जातिहरूमा प्रचारित गरियो, विश्वका मानिसहरूले उहाँलाई विश्वास गरे। अनि महिमामा उहाँ स्वर्ग सम्म उचालिनु भएकोछ।" (१ तिमोथी ३:१६)

ख्रीष्ट आफै हरेक कुरामा परमेश्वर जस्तै हुनुहुन्थ्यो। उहाँ परमेश्वर को बराबरी हुनुहुन्थ्यो। तर उहाँले परमेश्वसित रहेको बराबरीलाई आफ्नो निम्ति राखिनु पर्ने सम्पत्ति झैं मान्नु भएन। परमेश्वरसित उहाँको ठाँउ उहाँले छोडिदिनु भयो र मानव हुन जन्मनु भयो अनि सेवक हुनु भयो। जब उहाँ यस पृथ्वीमा हुनुहुन्थ्यो उहाँले आफैलाई खुबै नम्र बनाउनु भयो। उहाँले मृत्यु अँगाल्न सम्म आज्ञाकारी हुनु भयो अनि क्रूसमा मर्नु भयो। ख्रीष्टले परमेश्वरको आज्ञा पालन गर्नुभयो यसर्थ परमेश्वरले उहाँलाई उच्च स्थानमा पुऱ्याउनु भयो। परमेश्वरले ख्रीष्टको नाउँलाई अरू सबै नाउँहरू भन्दा महान बनाउनु भयो। उहाँले यसो गर्नुभयो ताकि स्वर्गमा, पृथ्वीमा र पातलमा प्रत्येक बस्तु येशूको नाउँमा घुँडा टेकोस्। "येशू ख्रीष्ट प्रभु हुनुहुन्छ" भनी प्रत्येक जिब्रोले स्वीकारोस्। जब मानिसहरूले यसो भन्छन्, यसले पिता परमेश्वरमा महिमा ल्याउनेछ।



परमेश्वरले हामीलाई अनन्तको जीवन दिनु भएको छ र त्यो अनन्तको जीवन येशु मा छ। जस जसले येशू ख्रीष्टलाई स्वीकार गर्छ, उसले अनन्तको जीवन पाउछ। येशू ख्रीष्टले प्रतिज्ञा गर्नु भएको छः यो पृथ्वीमा केही कुराको बारेमा तिमीहरूमध्ये दुईजना मिलेर सहमत भयौ भने त्यसको निम्ति प्रार्थना गर्नसक्छौ। अनि तिमीहरूले जुन चीजको निम्ति प्रार्थना गर्छौ त्यो मेरा स्वर्गीय पिताबाट प्राप्त गर्नेछौ। यो साँचो हो, किनभने दुई वा तीनजनाले म माथि विश्वास गरेर भेला हुन्छन्, भने, म त्यहाँ तिनीहरूका साथमा हुनेछु।" यद्यपि येशू ख्रीष्ट यो संसारमा मानिसहरुको पापको बन्धन बाट छुटकारा दिन र बचाउन आउनुभएको हो भनि विश्वास गर्न योग्य कुरा हो।

येशू ख्रीष्टले बोका र बाछा होइन तर आफ्नो पवित्र रगत क्रुसमा बलि दिनु भयो ताकि मानिस ले आफ्नो पाप बाट छुटकारा पाउन सकुन् र अनन्तको जीवन प्राप्त गर्न सकुन। हामि, येशु ख्रिष्टको रगत द्वारा हाम्रा पाप बाट धोइएका र शुद्ध पारिएका छौ, एक पटक तर सधैंको लागि। यदि हामि हाम्रो पाप बाट पश्चाताप गर्छौंभने, परमेश्वर विश्वास योग्य र न्याय गर्नुहुने हुनुहुन्छ र उहाँले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ र हाम्रो अधार्मिकता बाट शुद्ध गर्नुहुन्छ।

**तल दिइएका पवित्र बाइबलका पदहरुले येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनि साक्षी दिदछः**

१. तब स्वर्गबाट यो वाणी आएको सुनियो। वाणिले यसो भन्यो, **'यिनी मेरो प्यारो पूत्र हुन् र म यिनीसँग अत्यन्त प्रसन्न छु।"** (मत्ति ३:१६)

२. शिमोन पत्रुसले जवाफ दिए, **"तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।"** (मत्ति १६:१६)

३. तिनीहरू खुबै भयभीत भए र तिनीहरूले भने, "**साँच्चै नै उहाँनै परमेश्वरको पुत्र हुनुहुन्थ्यो।"** (मत्ति २७:५४ ख़)

४. थोमाले येशूलाई भने, "**मेरा प्रभु र मेरा परमेश्वर!**" (युहन्ना २०:२८)

५. येशूले जवाफ दिनु भयो, "फिलिप धेरै समयदेखि म तिमीहरूसंगै छु र पनि मलाई चिन्दिन भन्छौ? जसले मलाई देखेकोछ उसले मेरा पितालाई पनि देखेकोछ। यसर्थ तिमी कसरी भन्छौ, 'हामीलाई पिता देखाउनु होस्?' के तिमीहरू विश्वास गर्छौ कि म पिताभित्र छु र पिता मभित्र हुनुहुन्छ भनेर? जुन कुराहरू मैले भने त्यो मबाट आएको होइन। पिता मभित्र बाँच्नु हुन्छ अनि उहाँले आफ्नो काम आफैं गर्नुहुन्छ। मैले पहिल्यै भनि सकें कि विश्वास गर, ममा पिता र पितामा म हुन्छु। अथवा मैले गरेको कामहरूको कारणले गर्दा पनि विश्वास गर। (यूहन्ना १४:९-११)

६. कसैलाई दुष्टात्मा लागेको थियो, जब त्यो दुष्टात्मा ले येशूलाई देख्यो, तिनीहरूले उहाँ अघि शिर निहुराए, अनि कराए, **तपाई परमेश्वरका पुत्र हुनुहुन्छ**। (मर्कुस ३:११)



## ४. परमेश्वरको दया

*भागवत गिताको -गणना योगा* अध्याय ४ श्लोक ८ यसप्रकार छ ।

**परित्रणाय साधुना विनासशाय च दुस्क्रिताम्** ।
**धर्मस्स्थापनार्थाय सम्भवामि युगेयुगे। ।**
**त्यसको अर्थ यसप्रकार छः**

हरेक उमेरमा,म धर्मी मानिसहरूलाई बचाउन, धर्मीजनलाई स्थापित गर्न र दुष्ट मानिसहरूलाई नष्ट गर्न चाहन्छु। तर यदि यस्तो भने त सारा संसार विनाश हुनेछ र केवल परमेश्वरमात्र यस संसारमा रहन सक्नुहुनेछ, तर परमेश्वर चाहिँ प्रेमिलो र दयालु हुनुहुन्छ ।
-(परमेश्वर नष्ट गर्न चाहनुहुन्न)

पवित्र कुरानमा, परमेश्वर लाइ अल्लाह को नामले चिनाइएको छ र उहाँ सबैभन्दा नम्र र दयालु हुनुहुन्छ भनिएको छ। यसै गरि पवित्र बाइबल मा परमेश्वरले यसो भन्नुभयो , "म मानिसहरू मर्दै गरेको हेर्न इच्छा गर्दिन, म चाहदिन दुष्ट मानिसहरू मरून्। म ती पापी मानिसहरूलाई मकहाँ ल्याउन चाहन्छु। म चाहन्छु कि तिनीहरू आफ्नो जीवन बदली गरून् जसबाट जीवित रहन सकुन्। यसकारण मकहाँ आऊ। नराम्रो काम गर्न छोडिदेऊ।" यदि परमेश्वरले अपराध अनुसार सजाय दिनुहुने भए, हामी आज सम्म जीवित रहने थिएनौं । यदि आज हामि जीवित छौं भने , यो केवल उहाँको को दयाको कारणले हो । उहाँको अनुग्रही दया कहिल्यै समाप्त हुदैन तर हरेक दिन नयाँ हुदछ।

कुनै एक समयको कुरा हो, दुइ जना मानिस मन्दिरमा प्रार्थना को निम्ति गएका थिए। ति मध्ये एक फरिसी थिए र अर्को चाँहि कर उठाउने मानिस । त्यो फरिसिले यसरि प्रार्थना गर्न लाग्यो "हे परमेश्वर, तपाईंलाई धन्यवाद दिन्छु किनभने म अरू जस्तो नराम्रो मानिस होइन। म चोरी, ठग र व्यभिचारी पापहरू गर्दिन । म तपाईंलाई धन्यवाद चढाउँछु कारण म यो महसूल उठाउने जस्तो नराम्रो होइन। म असल छु; हप्तामा दुइपल्ट उपवास बस्छु अनि आफ्नो कमाईबाट दशांश दिन्छु।'" त्यो महसूल उठाउने एक्लै अलि पर उभिरहेको थियो। जब त्यसले प्रार्थना गरयो, त्यसले स्वर्गपट्टी पनि हेरेन। त्यसले परमेश्वरको अघि आफूलाई अति तुच्छ पायो। त्यसले भन्यो, "हे परमेश्वर, म प्रति दया गर्नुहोस्। म एउटा पापी हुँ।" बाइबलले भन्द छ- यी दुइ मध्ये, महसुल/ कर उठाउने केही उचित मानियो र फरिसी लाइ उचित मानिएन।

राष्ट्रपतिलाई सफाइ दिन भारतीय संविधानले सर्वोच्च शक्ति प्रदान गर्दछ। दया को सुन्दर वर्णन
तल दिइएको छ: माफी माग्नु दयालु कार्य हो। यसलाई अधिकारको रुपमा माग्न मिल्दैन तर राष्ट्रपतिले आफ्नो सर्वोच्च शक्ति प्रयोग गर्दै आम माफी दिन सक्छन्। राष्ट्रपति बाट क्षमा पाएको व्यक्तिलाई यस्तो स्थानमा राखिन्छ जहाँ उसलाई कसैले सजाय दिन सक्दैन , उसलाई आम माफी दिईन्छ र उसले सबै सजाय बाट छुटकारा पाउँछ । (अनुच्छेद ७२)

यदि, पहिलो नागरिक, राष्ट्रपतिलाई दण्ड समाप्त गर्ने यस्तो सर्वोच्चअधिकार छ भने, सोच्नुहोस् त, परमेश्वर सग कति धेरै शक्ति र अधिकार छ होला जसले हामी, स्वर्ग र पृथ्वी सारा सृष्टि गर्नुभयो! कोहि छ जसले उहाँको फैसला माथि चुनौती



गर्न सक्छ? वा के कसैले उहाँको अख्तियारलाई इन्कार गर्न सक्छ? सोच्नुहोस!

पवित्र बाइबल ले भन्दछ कि" येशू ख्रीष्ट ले हाम्रो बिरुद्ध लगाइएको आरोप लाई क्रुसमा मेटाएर त्यसलाई नष्ट गर्नु भएको छ । यसैले, अब हामि अपराधबोध मा छैनौं, तर परमेश्वरको अनुग्रहको सुरक्षामा छौं।

## ५. वेदको समयअनुसार बलिदान मापदण्डहरु

पुरातन वेदअनुसार, सबै मानिसका पापको क्षमाको लागि होमबलि र पशुबलि चढाइन्थ्यो। बलिदानको लागि पशुहरुको योग्यताको बारेमा कृष्ण यजुर्वेदमा धेरै स्पष्टसँग उदाहृत गरिएको छ। तिनीहरु मध्ये केहीलाई तल दिएको छ:-

| हिन्दुहरुको श्लोकका अंश | येशु ख्रिस्टमा पुर्ण भएको कुरा |
|---|---|
| पशुं स्नपयन्ति कूटकर्णखण्डश्लोणसप्तशफ वर्जम् ॥<br>(आपस्थंब श्रौथ सूत्र - 7-12-1 पृष्ठसंख्या: 421: मीन)<br>*Pashum snapayanthi kutakarnakhandaslona sapthashapha varjam\|\|*<br>Āpastamba-Śrauta-sūtra (7-12-1 Page No: 421) | |

| | |
|---|---|
| **अर्थ: बलि दिइने थुमा चाँही निष्खोट, दोष रहित र पवित्र हुनुपर्छ ।** | १. "उनले पाप गरेनन्, अनि उनको मुखमा कुनै छलको कुरो पाइएन।" (१ पत्रुस २:२२)<br>२. (ख्रीष्टमा पाप थिएन..) (२ कोरन्थी५:२१)<br>३. तिमीले जान्दछौ कि ख्रीष्ट मानिसहरुको पापहरु हटाउन आउनु भएको हो। ख्रीष्टमा पाप छैन। (१ यूहन्ना ३:५) |

धर्षा मानुषानिति नि युनक्ति धृत्या अद्भ्यस्त्वौषधीभ्यः ॥
(त्रैतर्य संहिता कांड ६, Q no 3, Page No: 304)

*dharṣā mānuṣān' iti ni yunakti dhṛtyā ||*

Traittirīya-Samhitā (kanda 6, Q. No.3,Page No:477)

| | |
|---|---|
| **अर्थ: जसलाई बलि दिइनेछ, उसलाई खांबो (योप्पा) मा टागिएको हुनेछ।** | (गलगथामा येशूलाई क्रूसमा टाँगे....।) (युहन्ना १९:१८) |

अमायुं कृण्वन्तं संज्ञपयत इत्युक्त्वा पराङावर्ततेऽध्वर्युः ॥
(आपस्थंब श्रौथ सूत्र = 7-16-6 पृष्ठसंख्या: 433)

*Amayum krunvantham sangnapayata Ityuktva paradavarthathe dhwaryuhu||*

Āpastamba-Śrauta-sūtra (= 7-16-6, Page No: 433)



| | |
|---|---|
| **अर्थ: थुमा जसलाई बलि दिइनेछ उसको बलि गुप् चुप मा गरिने छ र हड्डी तोडीने छैन- खिल्ली उडाइने छैन र यातना पनि दिइने छैन।** | उसलाई चोट पुर्याएर दण्ड दिइयो। तर उसले कहिल्यै विरोध गरेन्। मार्नलाई लगेको भेंडा जस्तै उसले केही पनि भनेन। ऊ ऊन काट्दा पनि चुपचाप रहने भेंडाको पाठो जस्तो भयो। उसले आफ्नै बचाउको लागि कहिल्यै मुख खोलेन्। (यसैया५३:७)<br>तर जब ती सिपाहीहरू येशूको छेऊमा गए, तिनीहरूले देखे उहाँ अघि नै मरिसक्नु भएको थियो। यसैले तिनीहरूले उहाँको खुट्टा भाँचेनन्। (यूहन्ना १९:३३) |

दधातीडामुप ह्वयते पशवो वा इडा पशूनेवोप ह्वयते ॥
(त्रैतर्य संहिता कांड 6, Q no 3, Page No: 308)

*dadhātiiḍāmupa hvayate pashavo vā iḍā pashūnevaupa hvayate ||*

Taittirīya-Samhitā(kanda 6, Q. No. 3, Page No: 495)

| | |
|---|---|
| **अर्थ: बलि दिएको थुमाको मासु खाइनुपर्छ।** | (.. येशूले रोटीको निम्ति परमेश्वरलाई धन्यवाद दिनुभयो र त्यसलाई टुक्रा पार्नुभयो। येशूले आफ्ना चेलाहरूलाई रोटी दिनुभयो। र भन्नुभयो, "यो रोटीहरू लेओ र खाओ। यो रोटी नै मेरो शरीर हो।" (मत्ति २६:२६) |

यत्पशुरपां पेरुरसीत्याह्वैष ह्यपां पाता ॥
(त्रैतर्य संहिता कांड 6, Q no 3, Page No: 304)

*yatpashurapām perurasiityāthaeṣha hiapām pātā ||*

Taittirīya-Samhitā,kanda 6, Q. No. 3, Page No: 478)

| | |
|---|---|
| **अर्थ: बलि दिएको थुमा काँडाले घोचिएको हुनुपर्छ ।** | तिनीहरूले येशूको लुगाफटा उतारिदिए अनि रातो वस्त्र लगाइदिए। तब तिनीहरूले काँडाको मुकुट बनाए र येशूको टाउकोमा पहिरयाइदिए। अनि तिनीहरूले उहाँको दाहिने हातमा एउटा लठ्ठी थमाइदिए। त्यसपछि ती सैनिकहरूले येशूको सामन्ने घुँडा टेकेर खिल्ली उडाउन थाले। तिनीहरूले भन्न लागे, "हे यहुदीहरूको राजा हामी तिमीलाई सलाम गर्छौं।" सैनिकहरूले येशूलाई थुकिदिए। अनि उहाँ को लठ्ठीले उहँ कै टाउकामा हिर्काए। (मत्ति: २७:२८-३०) |

वपाश्रपणी पुनरन्वारभतेऽस्मिन्नेव लोके प्रति तिष्ठति ॥

(त्रैतर्य संहिता कांड 6, Q no 3, Page No: 306)

*vapāshrapaṇī punaranvārabhateasminneva loke prati tiṣhṭhati ||*

Taittirīya-Samhitā (kanda 6, Q. No. 3, Page No: 486)

| | |
|---|---|
| **अर्थ: बलि दिएको थुमा काँडाले घोचिएको हुनुपर्छ ।** | तिनीहरूले येशूको लुगाफटा उतारिदिए अनि रातो वस्त्र लगाइदिए। तब तिनीहरूले काँडाको मुकुट बनाए र येशूको टाउकोमा पहिरयाइदिए। अनि तिनीहरूले उहाँको दाहिने हातमा एउटा लठ्ठी थमाइदिए। त्यसपछि ती सैनिकहरूले येशूको सामन्ने घुँडा टेकेर खिल्ली उडाउन थाले। |



| | |
|---|---|
| | तिनीहरूले भन्न लागे, "हे यहुदीहरूको राजा हामी तिमीलाई सलाम गर्छौं।" सैनिकहरूले येशूलाई थुकिदिए। अनि उहाँ को लठ्ठीले उहँ कै टाउकामा हिर्काए। (मत्ति: २७:२८-३०) |

स आत्मनो बपामुदक्खिदत्तामग्नौ प्रागृह्णात् ॥

(थ्यथ्रीया समिथा कांडा 2,पहला अवतारा दूसरी हरसू, Page No: 62)

*Sa ātmano vapāmudakkhidattāmagnau prāgṛhṇāt ||*

Taittirīya-Samhitā (kanda 2, 1st Awathaar, 2nd Hanasu, Page No: 3)

| | |
|---|---|
| **अर्थ: बलि दिईने थुमा लाई पानि दिइनेछ।** | त्यसपछि, येशूले जान्नुभयो कि सबै कामहरू सिद्धियो। उहाँले धर्मशास्त्रमा लेखिएको सिद्ध होस् भनि भन्नुभयो, "मलाई तिर्खा लाग्यो।" त्यहाँ सिर्काले भरिएको एउट भाँडो थियो। यसर्थ सिपाहीहरूले स्पञ्जमा त्यो सोसे र हिसप उद्भिदको हाँगामा त्यसलाई डुबाए। त्यसलाई तिनीहरूले येशूको मुख सम्म पुरयाएदिए। उहाँले सिर्का खानु भयो, स्वाद लिनु भयो। तब उहाँले भन्नुभयो "सिद्धियो।" येशूको शिर झुक्यो र उहाँले अन्तिम सास फेर्नु भयो। (यूहन्ना १९:२८-२९) |

*प्रिय पाठकहरू, के हामी बीच एक उत्तम समानता फेला पर्दैन र, वैदिक युगमा पापको मोल तिर्नको लागि पशु बलिदान र येशू ख्रीष्टले, हाम्रा पापहरूको मोल तिर्नको लागि बलिदानको रूपमा आफैंलाई अर्पण गर्नुभएको?*

## ६. पुनरुत्थान र येशु स्वर्ग उचाली लगिनु भएको

विश्रामको भोलिपल्ट सप्ताहको पहिलो दिन थियो, केहि स्त्रीहरु येशुको शरीर राखिएको चिहानमा आए। त्यसबेला त्यहाँ ठुलो भुइँचालो गयो। स्वर्गबाट प्रभुको एउटा दूत तलतिर ओर्ले। स्वर्गदूत चिहानतर्फ गए अनि चिहानको ढुङ्गालाई पल्टाएर पर सारे र भने, "तिमीहरू डराउनु पर्दैन। म जान्दछु तिमीहरू येशूलाई खोजिरहेका छौ, जसलाई क्रूसमा झूण्डयाएर मारिएको थियो। तर येशू यहाँ हुनुहुन्न। उहाँ मृत्युबाट बौरी उठनु भएको छ, उहाँले पहिले नै भन्नुभए जस्तै। आऊ, अनि स्थान हेर जहाँ उहाँको शरीर राखिएको थियो।" केहि समय पछि दिनको समयमा येशू उनिहरुकहा देखा पर्नु भयो र भन्नुभयो "शान्ति तिमीहरूसंग रहोस्।" उहाँका चेलाहरू आए र येशूको अघि निहुरिए। त्यही दिन येशू आफ्ना अरू चेलाहरूसामु देखा पर्नुभयो। तिनीहरूमा सास फुकेर भन्नु भयो "पवित्र आत्मा पाओ। यदि तिमीहरूले मानिसहरूका पाप क्षमा गरिदियौ भने तिनीहरूका पापहरू क्षमा हुनेछ। यदि त्यसो गरेनौ भने तिनीहरूका पापहरू क्षमा हुनेछैन्।"



थोमा जसलाई दिदुमस भनिन्छ, येशू चेलाहरूकहाँ आउनु हुँदा थिएनन्। बाह्रजना मध्ये थोमा एकजना थिए।थोमाले भने, "म त्यति बेला सम्म विश्वास गर्दिन जबसम्म काँटीले छेडिएका दागहरू उहाँको हातमा देख्दिन । एक हप्तापछि सबैजना चेलाहरू घरमा जम्मा भएका थिए। थोमा तिनीहरूसंग थिए। दैलो बन्द थियो, तर येशू आउनुभयो र तिनीहरू समक्ष उभिनु भयो। उहाँले भन्नुभयो, "शान्ति तिमीहरूमा रहोस्।" त्यसपछि येशूले थोमालाई भन्नुभयो, "आऊ तिम्रो औंला यहाँ छिराऊ।" मेरा हातहरू हेर, तिम्रो हात मेरा कोखमा पसाउ । शंका गर्न छोड अनि विश्वास गर्न थाल।" थोमाले येशूलाई भने, "मेरा प्रभु र मेरा परमेश्वर!"म मेरा औलाँ त्यो काँटीको दागहरूमा राख्दिन र उहाँको कोखामा मेरो हात राख्दिन।" उनीनै हुन् थोमस, येशूका चेला, जो भारतमा आएका थिए। येशू ख्रीष्टको कडा साक्षि भएर, उनले तामिलनाडु र केरला मा प्रभुको सुसमाचार सुनाए। केहि समय पछि उनको हत्या गरियो र भारतमा एक शहीद र ख्रीष्टको लागि साक्षीबनेर उनि मरे।

उहाँ पुनर्जीवित हुनुभएपछि, चालीस दिनको अवधिमा धेरै पटक, आफ्ना चेलाहरूसामु देखा पर्नुभयो। उहाँसँगै उँहाका चेला हरुपनि गालीलको एउटा पहाडमा  भेला भए, चेलाहरूले उहाँसामु घुँडा टेके । येशूले चेलाहरूलाई भन्नुभयो, "सारा संसारको हरेक स्थानमा जाऊ र प्रत्येकलाई सुसमाचार प्रचार गर। जसले विश्वास गर्छ अनि बप्तिस्मा लिन्छ त्यो बाँच्ने छ। तर जसले विश्वास गर्दैन भने दोषी हुनेछ। अनि विश्वास गर्ने

मानिसहरूले प्रमाणका निम्ति यी कुराहरू गर्नेछन्। तिनीहरूले भूतहरू मेरो नाउँमा भगाउने छन्। तिनीहरूले कहिल्यै नसिकेका भाषाहरू बोल्नेछन्।" लगभग पाँच सय मानिसहरुले हेर्दा हेर्दै प्रभु येशूलाई स्वर्गतिर लगियो। त्यहाँ येशू परमेश्वरको दाहिनेपट्टि बस्नु भयो। यहाँ चेलाहरू विभिन्न राज्यहरुमा गए र उहाँको शिक्षा प्रचार गरे। आज, विश्वले मरेका येशू होइन तर मृत्युबाट बौरी उठेका जीवित येशूलाइ आरधना गर्दछ।

## ७. येशु ख्रिस्ट चाडै आउनुहुने छ

जब येशू स्वर्गतिर उचालिदै हुनुहुन्थ्यो, प्रेरितहरूले आकाश तर्फ हेरिरहेका थिए। अचानक दुइजना मानिसहरू सेतो वस्त्र धारण गरेर तिनीहरूका छेउमा उभिए। ती दुईजना मानिसहरूले प्रेरितहरूलाई भने, "गालीलका मानिसहरू, तिमीहरू यहाँ किन आकाशतर्फ हेर्दै उभिरहेकाछौ? तिमीहरूले येशूलाई तिमीहरूदेखि स्वर्ग-आरोहण भएको देख्यौ। जसरी तिमीहरूले उहाँलाई जानु भएको देख्यौ त्यसरी नै उहाँ फर्कीआउनु हुनेछ।" (प्रेरित १:११)

किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैँ प्रभुसँग रहनेछौं। (१ थेसलोनिकी ४:१६,१७)



"आफ्ना पिताको महिमासित मानिसको पुत्र आफ्ना दुतहरूसँग आउनेछ। त्यसबेला मानिसका पुत्रले प्रत्येकलाई आफ्नो कामको निम्ति इनामहरू दिनेछ।" "सुन! म चाँडै आउँदैछु। मसित पुरस्कारहरु ल्याउने छु। प्रत्येक मानिसले जे गरेको छ त्यसको मूल्य चुकाउनेछु।" स्वर्ग र नरकको ढोकाको साँचो उहाँलाई दिइएको छ । (मत्ती १६:२७ र प्रकाश २२:१२)

## येशू ख्रीष्टको विषयमा सन्देशबाहक मुहम्मद (शान्ति) यसो भन्छन



जसले येशूलाइ ईश्वरको भविष्यवक्ता हो भनेर विश्वास गर्दैन, ऊ मुस्लिम होइन; र जसले उँहाको अगमवाणीलाइ इन्कार गर्छ उ इस्लामबाट बहिष्कृत हुनेछ। पवित्र कुरानमा सबै भन्दा धेरैपटक लेखिएको महिलाको नाम, येशू ख्रीष्टकि आमा मरियम को हो । *मदर* मरियमको जीवनलाइ, पवित्र कुरानले एउटा उदाहरणिय पात्रको रुपमा रेखांकन गरेको छ । "म कसम खान्छु जसको हातमा मेरो जीवन छ। आमा मरियमको छोरा पक्कै पनि बीचमा शासन गर्न गइरहेको छ, एक धर्मी न्यायधीश को रूपमा। येशू फेरि नआउञ्जेल, पुनरुत्थानको क्षण हुन सक्दैन।""होशियार बस! आफ्नो समय महाभोजहरूमा मात्र नबिताऊ। अथवा, संसारिक कुराहरूमा मात्र समय नफाल। किनभने त्यो दिन तिमीमा

धरापमा परे झैं झट्टै आई लाग्नेछ। पृथ्वीमा भएका सबैमाथि यस्तो एक्कासि आइपर्नेछ। यसर्थ, हर समय तयार बस। प्रार्थना गर जसद्वारा तिमी ती आईपर्ने संकटबाट बाँच्न सक्नेछौ। प्रार्थना गर ताकि तिमीहरू मानिसको पुत्र अघि खडा हुन सक्नेछौ।"

(लुका २१:३४-३६)

"ती मानिसहरु धन्य हुनेछन् जसले आफ्ना वस्त्रहरु सफा धुन्छन्। जीवनको रुखबाट फल खाने अधिकार तिनीहरुले पाउनेछन्. तिनीहरु नगरका(स्वर्गका) ती ढोकाहरुबाट पस्छन्। (प्रकाश २२: १४)

## ८. हामीलाई पाप बाट कसले छुटाउन सक्छ?

प्राचीन समय देखि, भारत यसको सांस्कृतिक सम्पदा-भव्यताको लागि परिचित छ। हाम्रा अग्रज, प्रख्यात चिन्तकहरू र दार्शनिकहरू असाधारण उत्कृष्ट थिए।यसको एउटा उदाहरण अर्थपूर्ण प्रार्थनामा देख्न सकिन्छ:

***असतो मा सद्गमय। तमसो मा ज्योतिर्गमय।***
***मृत्योर्मा अमृतंगमय। ॐ शान्तिः शान्तिः शान्तिः।।***

***Asato mā sadgamaya / tamaso mā jyotirgamaya /***
***Mrityormā amritamgamaya / Oṁ śhānti śhānti śhānti ḥ //***

येशु ख्रिस्टले भन्नु भयो, "बाटो, सत्य र जीवन मा नै हु पिताकोमा जाने माध्यम हुँ।" (यूहन्ना१४:६) अब: तल ब्याख्या गरिएका बुँदाहरुको राम्रो संग अध्ययन गर्नुहोस् र यदि येशु



ख्रिस्टले आफुले माथि उल्लेख गर्नुभएको कुरा सत्य हो वा झूटो हो, आफै विचार गर्नुहोस्।

## ९. येशु ख्रिस्टले भन्नु भएको कुरामा हामीले किन बिस्वास गर्नु पर्छ?

येशू ख्रीष्ट काल्पनिक व्यक्ति वा काल्पनिक पात्र होइनन्। पृथ्वीमा उनको जीवन, प्रमाणित र मानव इतिहासमा रेकर्ड छ। मुक्तिदाता यो संसारमा आउदै हुनुहुन्छ भन्ने कुराको खुलासा गरिएका थुप्रै प्रमाणहरु छन्; कि वहा आफ्नो समयमा, एसियामहाद्वीपमा रहनु भएको थियो । उहाँको रगतको दाग लागेको कपडा अहिलेसम्म पनि लन्डन (बेलायत)को संग्रालयमा राखिएको छ। बैज्ञानीकहरुको विभिन्न सृंखलाबद्ध परिक्ष्यण पछि, यो प्रमाणित गरिएको छ कि त्यो कपडा येशु ख्रिस्टकै हो। येशु ख्रिस्टका बाह्र चेलाहरु मध्येका एक थोमस थिए जो भारतको दक्षिन भूभाग मा आएका थिए। येशु ख्रिस्टको जन्मले इतिहास लाइ दुइभागमा बिभाजन गरिदियो; येशु ख्रिस्ट भन्दा पहिला (बि.सि) र *आनो डोमिनि* अर्थात प्रभुको दिनहरु (ए. डी), जुनकुरा अरु कोहि महान व्यक्तिले गर्न सकेको थिएन। तल उल्लेख गरिएका कुराहरुले येशु ख्रिस्ट्का भनाइहरु विश्वासयोग्य छन् भन्ने कुराको प्रमाण दिदछन् ।

१. येशु ख्रिस्ट अति पवित्र हुनुहुन्छ (पेज २०-२१मा हेर्नुहोस्)

२. येशु ख्रिस्टले जे सिक्ष्या दिनुभयो सोहि अनुसारको जीवन जिउनु भयो। (पेज २२ मा हेर्नुहोस्)

३. येशूको प्रकृतिमाथि , दुष्ट आत्माहरुमाथि  र मृत्युभन्दा माथि शक्ति छ। उहाले थुप्रै अचम्मका काम हरु र चिन्हहरु गर्नु भएको छ। (पेज २५-२६ मा हेर्नुहोस्)

४. येशु ख्रिस्टका बचन र कामहरु अधिकारपूर्ण छन् कि, छ घण्टा सम्म क्रूसमा पिडा सहदा, आफ्नो मानसिक स्थिरता कायम राखी उहाले सात वटा अर्थपुर्ण शब्दहरु बोल्नुभयो जुन कुरा अरु समान्य मानिस मा सम्भव हुदैन।त्यसैले येशु ख्रिस्ट लाइ एउटा सम्मान्य मानिसको रुपमा मात्र कुनै हालतमा हेर्न हुदैन। (पेज ३९ मा हेर्नुहोस्)

५. अवरोधहरु, सातवट, र बिरोध जे सुकै भएतापनि उहाको काम रोकिएको छैन र कहिले पनि रोकिने छैन। (पेज ४२-४३ मा हेर्नुहोस्)

६. साधारण मानिसले बाइबलिय सिक्षामा विस्वास गर्दा र बाइबलीय प्रचार आफ्नो जीवनमा पालन गर्दा पर्मेस्वर्को ज्ञान प्राप्त गर्न सक्छ। (पेज ४५ मा हेर्नुहोस्)

येशु ख्रिस्ट्को जन्मको बिसयमा, पवित्र बाइबलले भन्दछ, "हेर एक कन्या गर्भवती हुनेछिन् र एउटा छोरा जन्माउनेछिन्" जुन कुरा पवित्र कुरान ले पनि भन्दछ। (३ अलि इमरान)

45: (وہ وقت بھی یاد کرنے کے لائق ہے) جب فرشتوں نے (مریم سے کہا)

کہ مریم خدا تم کو اپنی طرف سے ایک فیض کی بشارت دیتا ہے جس کا نام مسیح (اور مشہور) عیسیٰ ابن مریم ہوگا (اور) جو دنیا اور آخرت میں باآبرو اور (خدا کے) خاصوں میں سے ہوگا



४५. एक स्वर्गदुत आएर भने," हे, मरियम, परमेश्वरले असल खबर दिनु भएको छ र उहालाइ येशु, मरियमको पुत्रको नामले चिनिने छ। उहा स्वर्ग र पृथ्विमा उच्च हुनुहुनेछ र वहा लाइ परमेश्वरको दुत बनाइनेछ।"

47: مریم نے کہا پروردگار میرے ہاں بچہ کیونکر ہوگا کہ کسی انسان نے مجھے ہاتھ تک تو لگایا نہیں فرمایا کہ خدا اسی طرح جو چاہتا ہے پیدا کرتا ہے جب وہ کوئی کام کرنا چاہتا ہے تو ارشاد فرما دیتا ہے کہ ہوجا تو وہ ہو جاتا ہے

४७. मरियमले भनिन " हे मेरा प्रभु, यो कसरि हुनासक्छ; म अबिबाहित छु र मेरो कोहि मानिस छैन". स्वर्ग दुतले भने " यो यसरि हुन आउने छ जसरि अल्लाह चाहनु हुन्छ, उहाले अफ्नो बचन 'यस्तै होस्' बाट सबै सिर्जना गर्नुभएर यौ सबै कुरा सृस्टि हुन आयो।"

49: اور (عیسیٰ) بنی اسرائیل کی طرف پیغمبر (ہو کر جائیں گے اور کہیں گے) کہ میں تمہارے پروردگار کی طرف سے نشانی لے کر آیا ہوں وہ یہ کہ تمہارے سامنے مٹی کی مورت بشکل پرند بناتا ہوں پھر اس میں پھونک


مارتا ہوں تو وہ خدا کے حکم سے (سچ مچ) جانور ہو جاتا ہے اور اندھے اور ابرص کو تندرست کر دیتا ہوں اور خدا کے حکم سے مردے میں جان ڈال دیتا ہوں اور جو کچھ تم کھا کر آتے ہو اور جو اپنے گھروں میں جمع کر رکھتے ہو سب تم کو بتا دیتا ہوں اگر تم صاحب ایمان ہو تو ان باتوں میں تمہارے لیے (قدرت خدا کی) نشانی ہے

४९. इशाह (येशु) ले भन्नु भयो, "म तिमीहरुको परमेश्वर को योजना अनुसार आएको हु, यहाँ हेर म कुनै चराको आकारको बस्तु बनाउछु र जीवन को सास फुकिदिनेछु र यो जीवित चरा बन्ने छ। अल्लाह को आज्ञा अनुसार, म अन्ध हरु लाइ चंगाई दिनेछु र मरेका हरु लाइ जीवित पर्नेछु।"

55: اس وقت خدا نے فرمایا کہ عیسیٰ! میں تمہاری دنیا میں رہنے کی مدت پوری کرکے تم کو اپنی طرف اٹھا لوں گا اور تمہیں کافروں (کی صحبت) سے پاک کر دوں گا اور جو لوگ تمہاری پیروی کریں گے ان کو کافروں پر قیامت تک فائق (وغالب) رکھوں گا پھر تم سب میر ے پاس لوٹ کر آؤ گے تو جن باتوں میں تم اختلاف کرتے تھے اس دن تم میں ان کا فیصلہ کردوں گا

५५. अल्लाहले भन्नु भयो: “येशु, म तिमीलाई आफैमा लिनेछु। तिरस्कार गर्नेहरु बाट तिमीलाई पवित्र बनाउनेछु र जसले तिमीलाई पछ्याउछन, पुनरुत्थान सम्म प्रशंसित गर्नेछु।...तिमीहरु हरेक मकहाँ आउने छौ।

## महात्मागान्धीजी को गवाहि



“मानव को मिले महान गुरु, प्रभु य़ेशु है। भगवान बहूत नजदीक होने का निदर्शन उनका जीवन ही है। भगवान के संकल्प और शक्ति का वर्णन उनके तरह और किसी और ने नही किया है। इसलिए वह भगवान के कुंवर है, यह मेरी सॊच है|”

**-महात्मा गांधीजी**

एकपटक, एकजना गोरो मानिसले गान्धीजीलाइ हेर्दै सोध्यो, “तपाइँ कसरी भारत को लागी स्वतन्त्रता पाउनुहुनेछ"? उनले चुपचाप पबित्र बाइबल खोले र मत्ति को सुसमाचार ५ अध्याय देखाउदै सोधे; तपाइँ ले पढनुभएको छैन? “धन्य हुन् नम्र हुनेहरु, उनीहरु पृथ्वीको उत्तराधिकारी हुनेछन्”। यसरि नम्र भएर भारत लाई स्वतन्त्र पार्न सक्दिन र? बाइबल को सिक्षा



अनुसार अहिंसा बाट नै देशले स्वतन्त्रता प्राप्त गर्यो। गान्दिजी ले बाइबलिय सिक्षा आफ्नो जीवनमा मात्र अनुसरण गरेनन तर अरु देश बासीहरुलाई पनि सोहि कुरामा सहमत गराएर बिजय प्राप्त गरे। नत्र भारतले आफ्ना धेरै सपुत हरुको जीवन बलि चढाउनु पर्ने थियो। यसैकारणले गान्धी लाइ “महात्मा” को उपनाम दिईयो र उनको मृत्युप श्चात विश्व संस्थाका सबै देशहरुले आफ्नो झण्डा आधा झुकाएर सम्मान गरेका थिए र यो गौरव अरु कसैलाई पनि गरिएको छैन। साथ् “रास्ट्रीय पिता” को पहिचान पनि दिईयो। भारत को मुद्रामा उनको फोटो राखिएको छ।

उनको यस अडानको कारणले, उनि संसार भरि नै एक उदाहरण को पात्र बने। यद्धपि, आज विभिन्न देशहरुमा उनको जन्मोद्सब मनाइने गरिन्छ।

## १०. पवित्र बाइबलको इतिहास

“बाइबल” शब्द ग्रीक भाषा ‘बिब्लोज\स’ बाट उल्था गरिएको हो, यसको अर्थ ‘पुस्तक वा स्क्रोल’ हुन्छ।ती नै पुस्तकहरुको संग्रह लाई पवित्र बाइबल भनिन्छ। पवित्र बाइबल, चालीस जना फरक -फरक लेखक हरुले पन्ध्र सय वर्षको समयावधिमा, एसिया, अफ्रिका र युरोप महाद्विपका विभिन्न स्थानमा हरुबाट लेखेका हुन। पवित्र बाइबलका केही अंशहरु विभिन्न पुस्ताहरुमा मौखिक रूपमानै बढाईयो र केही समय पश्चात ग्रीक र हिब्रू भाषामा लेखीएको थियो। अहिलेको जस्तो कागज नहुने भएकोले ,त्यति बेला जनावरको छाला, ‘निलो स्क्रोल’, पत्थर/ढुङ्गा मा लेखिने गरिन्थ्यो। ग्रीक भाषा दाया बाट

बायाँ तिर लेखिन्थ्यो र हिब्रू चाहिँ बायाँ बाट दायाँ तर्फ लेखिने भएकाले गर्दा एउटा सिंगो पुस्तकको रूपमा बाइबल लेखिनु गार्हो कुरा थियो।

विश्वको इतिहासमा, बाइबल सबै भन्दा पहिला चौधसयपचास मा ल्याटिन भाषामा छापिएको थियो। सबैभन्दा पहिला सत्रसय सत्ताईस सालमा भारतमा तमिलभाषामा बाइबल छापिएको थियो। त्यस पछि विलियम क्यारीले कन्नडा (दक्षिनभारतीय भाषा)मा बाइबलको उल्था गरेका हुन्। सोही कामलाई अङ्ग्रेजी विद्वान् जोन हन्डस ले अठारसय एकतिस् मा, बेलारी भनिने स्थानमा पूरा गरे। बाईबलका सबै पुस्तकहरु विरोधाभासपूर्ण नभएर एक अर्का सँग मिल्दाजुल्दा छन् र सबै पुस्तकको आशय मानव जातिको मुक्ति र संसारको सुरु र अन्त सँग जोडिएको छ। सोही कुरा वैज्ञानिक हरुले पनि योग्य मानेका छन्। बाइबलका पुस्तकमा लेखिएका कुराहरूले मानिसलाई एक सद्‌गुणी व्यक्तिको रूपमा परिवर्तन गरिदिन्छ। पवित्र बाइबल सम्पूर्ण देश, र जीवन शैली सँग मिल्दोजुल्दो छ, वा मानिस को दैनिक जीवनसँग मेल खान्छ। सबै वचन परमेश्वरले दिनु भएको हो। ती धर्मशास्त्रहरू शिक्षा दिन अनि मानिसको जीवनमा भएका गलत कुराहरू देखाइदिने काममा उपयोगी छन्। धर्मशास्त्रहरू गल्ती सुधार्न अनि उचित जीवन कसरी जिउनु त्यो सिकाउनुमा उपयोगी छन् (२ तिमोथी ३:१६)। परमेश्वर स्वयम् ती पुस्तकहरुको स्रोत हुनुहुन्छ। तत्कालको अनुसन्धान अनुसार , तीन हजार भन्दा बेसी भाषा हरुमा बाइबललाई छापिएको छ ता की पञ्चानब्बे प्रतिशत (९५%) मानिस हरुले



आफ्नो मातृ भाषामा अध्ययन गर्न पाउन। हरेक ख्रीष्टियन परिवारमा कम्तीमा पनि एउटा बाइबल, आफ्नो आत्मिकी वृद्धिको लागि राख्ने गरेको पाइन्छ। सर्वाधिक विकृ हुने पुस्तकमा हरेक वर्ष बाइबल पर्ने गर्दछ, त्यो पनि करोडौं को संख्यामा।

भारतीय रुपैयाँमा सम्राट अशोकाको स्तम्भ राखिएको छ, जसले येशू ख्रीष्ट ले भन्दा चार सय वर्ष पहिला राज्य गर्दथे। सो स्तंभको मुनि पट्टी यस्तो लेखिएको छ:- 'सत्य मेंभ जयथे'(अथरभना रभना वेद;मुण्डाको उपनिसेद) जसको अर्थ हुन्छ : केवल सत्यको मात्र विजय हुन्छ। यदि येशू ख्रीष्ट को सिछ्या झुटो हुन्थ्यो भने र उहाँ ठगी गर्ने मानिस हुनुहुन्थ्यो भने, उहाँको शिक्षा आज सम्म रहने थिएन। आज, उहाँको शिक्षा विश्वभरि फैलिएको छ जसले गर्दा धेरै मानिस हरु धार्मिकताको बाटो मा लागेका छन्। "उपनिशेदको शिक्षा/सिद्धान्तहरु" नामको किताबको पेज नं ५२९ मा श्री स्वामी रंगनाथनन्दले यसरी लेखेका छन्

यस संसारमा मा दुई वटा ठूला शक्ति हरु छन्। एउटा चाहिँ 'तरवार' र अर्को चाहिँ 'प्रेम'।प्रेम को अगाडी तरवार सधैं हार्दछ। उदाहरण को लागि, ए लेक्सजेन्डर, काएसर र चरलमन् हरुले तरवारको बलमा राज्य स्थापना गरे तर आज ती राजाहरू छैनन। तर येशू ख्रीष्टले प्रेम द्वारा आफ्नो राज्य स्थापना गर्नु भयो र आजसम्म पनि वहाँको राज्य छदै, धेरै मानिस हरु वहाँको राज्य विस्तारको लागि जीवन त्याग्न तयार छन्। मानिस जाती को इतिहास मा येशूले



झै अरु कसैले प्रभाव जमाउन सकेको छैन। आजसम्म पनि उहाँलाई पछ्याउने मानिसको संख्या विश्वमै धेरै छ। विश्वमा सबैभन्दा धेरै संख्यामा पढिने पुस्तक बाइबल हो भन्दा फरक पर्दैन। जस्तो सुकै समस्या आओस् वा सतावट आओस्, चाहे स्वर्ग र पृथ्वी बितेर जाओस् तर उहाको शिक्षा कहिलै बितेर जाने छैन, किनकी ती सबै सत्य छन्। मालाइ लाग्दैनकी, मैले यसो भनिरहँदा मेरो क्षमता भन्दा माथि बोलिरहेको छु।

## ११. धनी मानिस र माग्ने को दृष्टान्त

"एउटा धनी मानिस थियो। उसले बहुमूल्य लुगाहरू लगाउँथ्यो। त्यहाँ लजरस नाउँ गरेको रएक गरीब मानिस बस्थ्यो त्यो त्यस धनी मानिसको घरको ढोका अघि सुती रहन्थ्यो। त्यसको शरीर घावै घावले भरिएको थियो। यदि त्यसले त्यस धनी मानिसले खाएर उब्रेको खान पाए पनि सन्तुष्ट हुन्थ्यो। कहिले काँही कुकुरहरूले त्यसको घाव चाटिरहेका हुन्थे। केही समय पछि लाजरस मर्यो। स्वर्गदूतहरूले लाजरसलाई बोकरे अब्राहम को काखमा सुम्पिदिए। त्यो धनी मानिस पनि मर्यो अनि उसलाई गाडीयो । त्यसलाई नरकलोकमा पठाइयो अनि खुबै कष्टमा परयो। त्यो धनी मानिसले टाडोबाट अब्राहामले लाजरसलाई आफ्नो काखमा लिएको देख्यो। त्यसले चिच्याएर भन्यो, 'हे पिता अब्राहम, ममाथि दया गर्नुहोस्! लाजरसलाई मकहाँ पठाइदिनुहोस् ताकि त्यसले आफ्नो औंला पानीमा चोब्र सक्छ र मेरो जिब्रोलाई शीतल पारिदिओस्।' किनभने यी ज्वालामा म कष्ट पाइरहेकोछु।' तर अब्राहमले भने, हे मेरो छोरो, सम्झ, तिमी कसरी बाँचिरहेका थियौ? तिम्रो जिवनमा दामीदामी धेरै चीजहरू थिए। लाजरसकोमा सबै नराम्रो चीजहरू मात्र थिए। अहिले त्यो



यहाँ सुखमा छ, अनि तिमी चाँही कष्ट पाइरहेछौ। तिमीहरू र हाम्रो बीचमा पनि एउटा ठूलो खाडल छ। यहाँबाट कोही पनि तिमीहरू भएकोमा पुग्न सक्तैन अनि त्यहाँबाट पनि कोही यता तर्न सक्तैन। त्यो धनी मानिसले भन्यो, तब हे पिता अब्राहाम। लाजरसलाई पृथ्वीमा मेरो बाबुको घर पठाइदिनुहोस्। मेरा पाँचजना भाइहरू छन्। यदि लाजरसले तिनीहरूलाई चेताउनी दिए भने, तिनीहरू यो कष्टमय ठाउँमा आउने छैनन्। तर अब्राहाले भने, तिनीहरूको लागि पढन मोशाको व्यवस्था र अगमवक्ताहरूको ग्रन्थहरू छन्, तिनीहरूले तिनीहरूबाट नै सुनुन्। तर त्यो धनी मानिसले भन्यो, होइन! पिता अब्राहाम! यदि कोही मरेकाहरूबाट एक जना त्यहाँ गए, तिनीहरूले विश्वास गर्नेछन् अनि हृदय र जीवन परिवर्तन गर्नेछन्।' फेरि अब्राहामले भने, 'होइन! यदि तिम्रा भाइहरूले मोशा र अगमवक्ताहरूलाई सुन्दैनन् भने, तिनीहरूले मृत्युबाट उठेर आएकाहरूलाई पनि ध्यान दिदैनन्।" (लुका १६: १९-३१)

## १२. येशू ख्रीष्ट को हुनुहुन्छ, तपाइँको निर्णय

मेरा प्रिय दाजुभाइ र दिदीबहिनीहरु, मैले जसरी अघिल्लो पृष्ठमा अवगत गराए, तपाईंलाई के लागछ, येशू ख्रीष्ट को हुनुहुन्छ? के उहाँ ठगी गर्ने, झुक्याउने, पागल मानिस अथवा सत्य परमेश्वर हो? यदि तपाईं येशू ख्रीष्ट सत्य परमेश्वर हो भनी घोषणा गर्नुहुन्छ भने, तपाईंले पनि उद्धार र मुक्ति पाउन सक्नुहुन्छ। कुनै पनि मानिस ले आफू जुन अवस्था मा छ त्यस्तै अवस्था बाट येशू ख्रीष्टद्वारा उद्धार र मुक्ति पाउन सक्छ। यो मुक्ति पाउन को निम्ति पुनर्जन्म लिनु, तीर्थ यात्रा जानु, आफैलाई सजायदिनु वा कुनै धार्मिक कर्म गर्नु कुनै जरुरी छैन। यो मुक्ति सितैमा पाइने कुरा हो चाहे जुन सुकै जाती, समूहको, महिला वा

पुरुषनै किन नहोस्। किनकि बाइबल ले भन्दछ कि परमेश्वरको इच्छा पनि यही हो कि सबैले सत्य लाई जानुन् र उद्धार र मुक्ति पाउन। उदाहरण को लागि, एउटा चोर जसलाई एशुख्रिस्तको एकापट्टी क्रस मा झुण्डाईएको थियो र उसले पश्चाताप गर्यो र येशू ख्रीष्ट ले त्यही समय उसको निम्ति स्वर्गको बाटो खोलिदिनु भयो।

**यदि तपाईंपनि मुक्ति पाउन चाहनु हुन्छ भने, तपाईंले प्रभु येशू ख्रीष्ट मा विश्वास गर्नुपर्ने हुन्छ र यस्तो प्रार्थना गर्नुपर्ने हुन्छ:**

हे येशू, तपाईं अनुग्रह र दयाको खानी हुनुहुन्छ। दुई हजार वर्ष भन्दा पहिला यस संसारमा आई मलाई मुक्ति दिनुभएको र सत्य चिनाई दिनुभएको लागि धन्यवाद छ। म आफ्नो पाप मनी लिदछु र विश्वास गर्छु कि तपाईं एक पवित्र परमेश्वर जो मेरो पाप को कारण ले यस संसारमा आई दुख्ख भोग्नु भयो र क्रस मा मर्नुभयो। मेरो हिर्दयको गहिराइ बाट विश्वास गरीकन मा यो मनिलिन्छु की तपाईं एकमात्र सत्य परमेश्वर हुनुहुन्छ जो मेरो निम्ति मारिनुभयो, गाडिनु भयो र तेस्रो दिन मा बौरी उठ्नु भयो। धन्यबाद प्रभु मेरा पाप हरु लाई क्षमा गरीकन मेरो नाम जीवनको पुस्तक मा लेखी दिनु भएको लागि । मा विश्वास गर्दछु र आशा गर्दछु कि एकदिन तपाईं फेरि आउनुहुनेछ र मलाई स्वर्गमा लानुहुनेछ। धन्यवाद, प्रभु! म तपाईंलाई बधाई दिदछु की तपाईं परमेश्वरको राज्यको सदस्यहुँदै छ र मलाई त्यहाँ सम्झिनु होला। धन्यवाद।

*************



यहाँ परिच्छेद नंं १३ देखि २० बाट पुनः उत्पादन गरिलेखीएको छ र यसका विभिन्न लेखहरू, यस अघाडीका विभिन्न जिल्लास्तरीय पत्रपत्रिकाहरूमा प्रकाशन भएका छन् ।

एक लेख जो, '*शिवामोग्गा लोकल डेली*' २५-१२-२०१२ मा छापिएको थियो।

## १३. येशू ख्रीष्ट जो पवित्र परमेश्वर हुनुहुन्छ

"येशुखृष्ट परमेश्वर हुनुहुन्थ्यो र हामीले मात्र येशू ख्रीष्टको आराधना गर्नुपर्छ, जो हाम्रो निम्ति मानिस बन्नु भयो। तिमिहरु पारमेसहौरको माहान परातिरुप येशू बााहेक अरुलाई पुज्न सक्दैनौं । येशू बाहेक अरु सत्य ईश्वरको कल्पना गर्न भएका तिम्रा खोज वा प्रयासहरु व्यर्थका हुन्।"

**-स्वामी विवेकानन्द**

(स्वामी विवेकानन्दको पूर्ण कार्य, भोल्युम ८, पेज नं: १८२)

**येशू ख्रीष्ट को पवित्रता, जो हामीहरूको बीचमा रहनु भयो, उहाँकाबारेका वचनहरु बाइबल मा यसप्रकार लेखिएका छन्:**

- **परमेश्वरका स्वर्गदूत जो कुँवारी मारियम सँग येशूको जन्मको बारेमा कुरा गरेका।**

  "पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ अनि सर्वशक्तिमान परमेश्वरको शक्तिले तिमीलाई ढाकनेछ। यसकारणले जो जन्मनुहुन्छ उहाँ परमेश्वरको पुत्र कहलाइनु हुनेछ।"

  (लुका १:३५)

- **जब येशूका जन्मिनु भयो उहाँ शतप्रत मानव हुनुहुन्थ्यो र मानिसहरूको बीचमा साढे तेत्तीस बरसम्म रहनुभयो।**

  "हाम्रा प्रधान पूजाहारी, येशू हुनुहुन्छ जो हाम्रा कमजोरीहरू बुझ्न समर्थ हुनुहुन्छ। जब येशू यस संसारमा हुनुहुन्थ्यो उहाँ हरेक कुरामा परीक्षित हुनुभयो जसरी हामी परीक्षित छौं, तर उहाँले कहिल्यै पाप गर्नु भएन।" (हिब्रू ४:१५)

- **जब मानिसहरूले उहाँमा कमजोरी देखाउन लागे, उहाँले भन्नुभयो:**

  "म पापको दोषी छु भनेर तिमीहरूमा कसले प्रमाण दिन सक्छौ?" (यूहन्ना ८:४६)

- **हरेक धर्मले पापको ज्याला मृत्यु हो भन्दछ र रगतको बलिदान बिना त्यो पाप बाट उमिकिने उपाय छैन।**

  **"**ख्रीष्टमा पाप थिएन। तर परमेश्वरले उहाँलाई पापी बनाउनु भयो। परमेश्वरले यो हाम्रो लागि गर्नुभयो ताकि हामीहरू ख्रीष्टमा परमेश्वरसित धार्मिक रहन सकौं।"

  (२ कोरन्थि ५:२१)

- **जब साढे र बाख्राको बली ले मानिस को पाप धुन असम्भव भयो -**

  "हामी जो ख्रीष्टमा छौं उहाँका रगतबाट मुक्त गराइएका छौं। परमेश्वरकै असीम अनुग्रहले आफ्ना पापहरूबाट हामीले क्षमा पाएकाछौं।" (एफिसी १:७)



- **जब यहुदा (जो बाह्र मध्ये एक चेला थिए) ले थाहा गरे कि उसले तीस चाँदीका सिक्काहरुको लागि येशूलाई धोका दिए, उसले भन्यो:**

  "मैले पाप गरें, मैले एकजना **निर्दोष मानिस**हलाई मार्न ल्याएँ।" (मत्ती २७:४)

- **जब महासभामा यहूदीहरु र धार्मिक सर्वोच्च निकाय छानबिन गर्न भेटियो-**

  "मुख्य पूजाहारीहरू, र पूरा यहूदी महासभाले येशूलाई मार्नका निम्ति येशू विरुद्ध झूटो प्रमाण खोजिरहेका थिए। तर तिनीहरूले कुनै त्यस्तो प्रमाण पाएनन्। अनेकौं मानिसहरू आए अनि येशूको विरूद्ध झूटो आरोपहरू लगाए। तर ती प्रमाणहरू एक अर्कामा मिल्दैनथ्यो।"

  (मर्कूस १४:५५-५६)

- **पिलातस गभर्नरले भने**

  "तिमीहरूले यो मानिसलाई मकहाँ ल्यायौ। तिमीहरूले भन्यौ कि यो मानिसले मानिसहरूलाई मकहाँ उत्तेजित गराइरहेकोछ। तर मैले तिमीहरूकै अघि उहाँलाई जाँचे। तर तिमीहरूले लगाएको कुनै पनि दोषरोपनमा मैले उहाँमाथि कुनै दोष पाईन। त्यसरी नै हेरोदले पनि उहाँमा कुनै दोष देखेनन्। तिनले त्यसैले गर्दा उहाँलाई हामीकहाँ पठाएका हुन्। हेर, येशूले कुनै दोष गर्नु भएको छैन कि उहाँले मृत्यु दण्ड पाउन्।" (लुका २३:१४,१५)

- **पिलातसले मुख्य पुजारी र भीडलाई घोषणा गरे:**

  "मैले यो मानिसमाथि आरोप थोप्न **कुनै दोष पाइन।**"

  (लुका २३:४)

- पिलातस न्यायकर्ताको कुर्सीमा बसिरहेको बेला उनकी धर्मपत्नीले तिनलाई एउटा समाचार पठाइन्। समाचार यस्तो थियोः **"त्यो निर्दोष मानिसको विरुद्धमा केही नगर्नुहोस्। तिनको बारेमा आज राती मैले सपना देखेकी छु। अनि त्यो समपनाले मलाई अत्यन्त विचलित तुल्याएको छ।"** (मत्ती २७:१९)
- **येशू संग क्रूसमा टाँगिएका दुई चोर मध्ये एकले गवाही दिदै अर्को लाई भन्यो:-**
  "तिमी र म अपराधी हौ हामीले गर्नैं पर्छ किनभने हामीले अपराध गरेका छौं। त**र यस मानिसले केही भूल गरेको छैन!"** **(**लुका २३:४१)
- **सैनिक अधिकारीले के भएको थियो देखे। तिनले परमेश्वरको प्रशंसा गर्दै भने, "निश्चय यी मानिस धार्मिक मानिस हुन्।"** **(**लुका २३:४७)
- **पत्रुस १२ जना चेलाहरु मध्ये एक, जो येशू संग ३½ बर्ष को लागी थिए**
  **येशू को बारेमा गवाही दिए :-**

**"उनले पाप गरेनन्, अनि उनको मुखमा कुनै छलको कुरो पाइएन।"** मानिसहरुले ख्रीष्ट प्रति नराम्रा कुराहरु भने, तर उहाँले तिनीहरुलाई नराम्रो भन्नु भएन। ख्रीष्टले यातना भोग्नु भयो तर उहाँले मानिसहरुलाई भय देखाउनु भएन। अहँ! ख्रीष्टले आफूलाई परमेश्वरमा सुम्पनु भयो जसले सही न्याय गर्नुहुन्छ।" (१ पत्रुस २:२२,२३)



**येशू ख्रीष्ट आफ्नो जन्म, जीवन, मृत्यु र पुनरुत्थानमा पूर्ण रूपले**
**पवित्र हुनुहुन्छ, आजको दिन सम्म पनि कसैले उहाँमा कहिल्यै एउटा गल्ती भेटाएको छैन।**
**परमेश्वर यस्तै हुनुपर्छ होइन र? उहाँलाई अरु को सँग तुलना गर्न सकिन्छ र?**
**प्रभु येशू ख्रीष्टको प्रशंसा होस्।**

**********

१७-०३-१०१३ मा एक राज्य दैनिक अखबार
संयुक्त कर्नाटक मा प्रकाशित एक लेख,

## १४. येशूको डाँडाको उपदेशको एक सारांश

राष्ट्रका पिता, महात्मागान्धी जी ले आफ्नो किताब 'मेरो सत्यको खोज' मा यस्तो लेखेका थिए "जब मैले पवित्र बाइबलमा येशुको डाँडाको उपदेश पढे यसले मेरो हिर्दय गहिरो गरी छोयो। येशू ख्रीष्टको सिछ्या ख्रीष्टियन हरुको लागि मात्र नभएर हरेक व्यक्ति को लागि अति जरुरी छ । डाँडाको उपदेशको एक सारांश जसले गान्धीजी को जीवन मा परिवर्तन ल्यायो र उनलाई भारत मुक्त गर्न को लागी अहिंसा को अर्थ अपनाउन बाध्य बनायो।

## येशूले प्रचार गर्नुभए अनुसारको जीवन बिताउनु भयो: को चाहिँ आशिषसित र उनीहरूले के प्राप्त गर्छन?

*"ती मानिसहरू धन्य हुन् जसले आफूलाई आत्मिक रूपले दरिद्र छौं भनी बुझेका छन्, किनभने स्वर्गको राज्य तिनीहरूकै हो।धन्य शोक गर्नेहरू, किनभने परमेश्वरले तिनीहरूलाई सान्तवना दिनुहुनेछ। धन्य विनम्र हुनेहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्। धन्य धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने परमेश्वरले तिनीहरूलाई तृप्त पार्नु हुनेछ। धन्य अरू प्रति दया देखाउनेहरू किनभने तिनीहरूले दया पाउनेछन्। धन्य हृदयमा शुद्ध हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्। धन्य शान्ति मेल-मिलाप गराउनेहरू, किनभने परमेश्वरले तिनीहरूलाई आफ्ना पुत्र भन्नुहुनेछ। धन्य धार्मिकताको निम्ति सताइएकाहरू, किनभने स्वर्गका राज्य तिनीहरूकै हुनेछ।"*

### मानिसको जीवन कस्तो हुन जरुरी छ?

- तिमीहरू पृथ्वीका नून हौ। यदि नूनको स्वाद नै छैन भने, फेरि त्यसलाई नुनिलो के-ले पार्ने र? यदि नूनमा नूनको स्वाद नै छैन भने त्यो फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन।
- "तिमीहरू संसारका ज्योति हौ जसले संसारलाई उज्यालो पार्छ। डाँडामा बसालिएको नगर अदृष्य रहन सक्तैन।



त्यसरीनै मानिसहरूले बत्ती बालेर पाथीमुनि राख्दैनन्। त्यसको सट्टामा तिमीहरूले त्यसलाई सामदानमा राख्छन्। यसरी घरमा भएका सबै मानिसहरूले उज्यालो पाउने छन्।

- यदि तिम्रो दाहिने आँखाले तिमीलाई बाधा पुर्याउँछ भने, त्यसलाई निकालेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा पर्नु भन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा नष्ट हुनु तिम्रो निम्ति हितकारी हुनेछ।
- तर म तिमीहरूलाई भन्दछु, 'दुष्टको सामना नगर्। यदि कसैले तिम्रो दाहिने गालामा चट्काइदियो भने त्यसलाई देब्रे गाला पनि फर्काइदाओ।यदि कसैले तिमीसित केही माग्छ भने त्यो दिइहाल। कुनै व्यक्तिले कर्जा लिन चाहेमा पनि केही दिन अस्वीकार नगर।
- म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, तिमीहरूलाई खेदो गर्नेहरूको निम्ति प्रार्थना गर। तिमीहरूलाई सराप्नेहरूलाई पनि आशीर्वाद देऊ। तिमीहरूसित दुर्व्यवहार गर्नेहरूको लागि पनि प्रार्थना गर। यदि तिमीले यसो गर्यौ भने तिमी स्वर्गको पिताका साँचो पुत्र हुनेछौ।
- यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूले के इनाम पाउने छौ?महसूल उठाउनेहरूले पनि त्यसै गर्छन्।किनभने उहाँले दुष्ट र सज्जन दुवैका निम्ति घाम लगाइदिनुहुन्छ। अनि धर्मी र अधर्मीहरूको निम्ति वृष्टि पठाइदिनुहुन्छ।

- शियार बस, जब तिमीहरू राम्रो काम गर्छौ, अरू मानिसहरूका उपस्थितिमा त्यस्ता देखावटीका निम्ति काम नगर। यदि त्यसो गर्यौं भने स्वर्गमा भएका तिम्रा पिताबाट तिमीहरूलाई केही इनाम मिल्नेछैन। 'जब तिमी दरीद्रहरूलाई सहायता दिन्छौ त्यसको विज्ञापन नगर कपटीहरूले जस्तो काम नगर।जब तिमी प्रार्थना गर्दछौ, तिमी आफ्नो भित्री कोठामा पसी ढोका बन्द गर। त्यसपछि तिमी आफ्ना पितासित गुप्तमा प्रार्थना गर।
- 'आफ्नो निम्ति पृथ्वीमा सम्पत्ति नथुपार। जहाँ खीया र किराहरूले सम्पत्ति ध्वंस पारिदिनेछ। अनि चोरहरूले पनि तिम्रो घर फोरेर त्यहाँको सम्पत्ति चोर्छन्।कारण जहाँ तिम्रो धन हुन्छ, त्यहीं तिम्रो मन पनि हुनेछ।
- 'कसैले पनि दुई मालिकको सेवा एकै समयमा गर्न सक्दैन। एउटै समयमा एकै साथमा तिमीहरूले परमेश्वर र धनको चाकरी गर्न सक्दैनौ। एउटा शिष्य आफ्नो गुरूभन्दा माथि हुन सक्तैन। तर प्रत्येक मानिस जसले पूर्णरूपले सिकिसक्छ तब मात्र उ गुरू झैं बन्नसक्छ।
- जब तिमी त्यो काम गर्नु योग्य छौ, अनि जो त्यसको लागि उपयुक्त छ त्यो मानिसको लागि असल कर्म गर्नु अस्वीकार नगर। जब तिमीसँग आफ्नो छिमेकीलाई आवश्यक परेको चीज छ र उसले पनि माग्छ भने, "भोलि आऊ" नभन, दिई हाल।
- "जब कसैले तिमीलाई विवाह भोजमा निम्त्याउँछ, मुख्य आसन दखल नगर। ती मानिसले तिमीहरुभन्दा पनि मुख्य



मानिस निम्त्याएको हुन सक्छ। अनि यदि तिमी आसनमा बसिरहेकाछौ भने निम्त्याउने मानिसले तिमीलाई भन्नेछ, यो मानिसलाई तिम्रो आसन देऊ। तब अन्तिम आसनमा गएर तिमीले बस्नु पर्नेछ। यसकारण जब कुनै मानिसले तिमीलाई निम्त्याए भने गएर निम्न स्तरीय आसन ओगट। तब त्यो तिमीलाई निम्त्याउने मानिस आएर भन्नेछ, ए मित्र, अतिथिहरूले तिमालाई सम्मान गर्नेछन्। किनभने जसले आफैलाई माथि उठाउँछ त्यो तल झर्नु पर्छ। तर जसले आफैंलाई निम्न स्तरको मान्छ त्यसलाई उच्च तुल्याइनेछ।

- अरूको न्याय नगर, अनि अरूले पनि तिम्रो न्याय गर्ने छैन। के एउटा अन्धाले अर्को अन्धालाई डोर्याउन सक्छ? अहँ! दुवै नै खाडलमा पर्नेछन्। तिमी आफ्नो आँखमा सानो छेस्का पसेको थाहा पाउदैनौ, भाईको आँखमा परेको धुलो किन देख्छौ? तिमीहरू आफैले आफ्नो आँखबाट ठूलो छेस्का निकाल। त्यसपछि तिमीहरूले स्पष्टसंग तिमीहरूको भाइको आँखामा परेको धुलो निकाल्न सक्नेछौ।
- तिमीहरूले अरूको कसुर क्षमा गर्यौ भने तिमीहरूका स्वर्गमा बस्नुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। अरू मानिसहरूले तिमीहरूलाई जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिमीहरूलाई त्यसै गर।
- 'मलाई प्रभु, प्रभु, भन्ने हरेक मानिस स्वर्गको राज्यमा प्रवेश गर्न पाउनेछैन। तर जसले स्वर्गमा हुनुहुने मेरो पिताको इच्छा पालन गर्छ। उसले स्वर्गको राज्यमा प्रवेश गर्न पाउनेछ।

"हरेक मानिस जसले मैले भनेका यी कुराहरू सुन्छ र पालन गर्छ उनै बुद्धिमान हो। बुद्धिमान मानिसले आफ्नो घर चट्टानमाथि निर्माण गरेको छ।"

- फिक्री मात्र गरेर कसैले पनि आफ्नो आयुमा केही समय बढाउन सक्दैन। आकाशका चरा चुरुङ्गीलाई हेर, तिमीहरूले नता कहिले बीऊनै छर्छन्, न अन्नको फसल काट्छन् न भकारीहरूमा बटुल्छन्। तर तिमीहरू का स्वर्गका पिताले तिनीहरूलाई खुवाउनु हुन्छ। तर तिमीहरूलाई थाहाँ छ ती चराचरुङ्गीहरू भन्दा तिमीहरू बहुमूल्य छौ। तिमीहरू अरू थोकभन्दा परमेश्वरको राज्य र उहाँको धार्मिकताको विषयमा इच्छा गर। तब उहाँले तिमीहरूलाई तिमीहरूले चाहेका यी जम्मै कुराहरू दिनुहुनेछ।

## कसरी प्रार्थना गर्ने?

"हे हाम्रा स्वर्गमा बस्नुहुने पिता, तपाईंको नाउँ सँधै पवित्र रहोस्।' तपाईंको राज्य आवोस् अनि तपाईंको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा पूरा होस्। आज हामीलाई प्रत्येक दिन चाहिने भोजन दिनुहोस्। हाम्रा अपराधहरू क्षमा गरिदिनुहोस्। जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं। हामीलाई परीक्षामा पर्न नदिनुहोस् तर हामीलाई दुष्टबाट बँचाउनु होस्। किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हो।" आमेन।



०२-०४-२०१३ मा स्थानीय दैनिक 'पवन शिवमोग्गा' मा प्रकाशितएक लेख

## १५. येशू द्वारा प्रदर्शन गरिएका प्रमुख चमत्कारहरु

२०२० वर्षपहिले येशू ख्रीष्ट यो संसारमा जनम लिनु भएको थियो र साढे ३३ वर्ष मानिस हरुको बीच मा रहनु भयो। साढे ३ वर्षको सेवाकाई जीवनमा उहाँले गर्नु भएका ३७ महत्वपूर्ण चमत्कार हरु जुन पवित्र बाइबल मा लेखिएका छन् ती निम्न लिखित छन्:-

1. कानामा भइरहेको विवाहभोज मा जब दाख्मद्य सकियो, येशू ख्रीष्टले लगभग २० गैलन पानी जुन छ वटा ढुङ्गाको जारमा राखिएको थियो त्यसलाई दाख्मद्यमा परिवर्तन गर्नुभयो। (यूहन्ना २:१-११)
2. कफर्नहुममा एकजना राजाका अधिकारी थिए। त्यो अधिकारिको छोरो बिमारी थियो। येशूले उत्तर दिनुभयो, "जाऊ, तिम्रो छोरो बाँच्नेछ।" र त्यही समय उसको छोरो चंगाई भयो। (यूहन्ना ४: ४३-५४)
3. एक जना मानिस जो सभाघर मा भूत द्वारा कब्जा गरीएको थियो चिच्याउँदै येशू लाई भन्यो , 'के तपाइँ हामीलाई नष्ट गर्न आउनुभएको छ?म तपाईंलाई जान्दछु परमेश्वरका एक पवित्र जन्।' तर येशूले त्यो दुष्टात्मालाई हकार्नु भयो, "चूप लाग्। यो मानिसदेखि निस्कि हाल्।" त्यो दुष्टआत्माले मानिसहरूकै अघिपट्टि त्यो मानिसलाई भूँइमा पछारिदियो।

त्यसपछि दुष्ट आत्माले त्यो मानिसलाई केही नोक्सान नगरी छाडी दियो। (लुका ४: ३१-३६)

4. येशू पत्रुसको घरमा जानुभयो। त्यहाँ येशूले उसकी सासूलाई कडा ज्वरोले थलिएर पलङ्गमा लडिरहेको पाउनु भयो। तब येशूले तिनको हात छुनुभयो तिनी निको भइन्। (मत्ती ८:१४-१५)
5. त्यसै साँझ मानिसहरूले भुत लागेका धेरै जनालाई लिएर येशूकहाँ आए। येशूले भूतहरूलाई खेदनु भयो। जो-जो बिमारी परेका थिए ती सबै ठीक भए। (मत्ति ८:१६)
6. जब पत्रुस ले सारा रात परिश्रम गरेर पनि एउटा पनी माछा मार्न सकिरहेका थिएनन र हरेस खाइसकेका थिए, उहाँ एउटा डुङ्गामा चढनु भयो जुन शोमोनको थियो अनि उसलाई त्यो डुङ्गालाई किनारको अलिक छेउमा लाउन लागाउनु भयो। तब उहाँ त्यसमा बस्नु भयो अनि मानिसहरूलाई सिकाउन थाल्नु भयो। जब येशूले आफ्नो भनाई सक्नु भयो, उहाँले शिमोनलाई भन्नु भयो, "यो डुङ्गालाई गहिरो पानी तिर लैजाऊ अनि माछा मार्न जाल फिजाऊ।" त्यहाँ तिनीहरूले थुप्रै माछा मार्न सफल भए। (लुका ५:१-६)
7. एउटा शरीर कोढीले पीडीत मानिस पनि थियो। जब त्यसले येशूलाई देख्यो, उहाँ अघि निहुरिएर विन्ती गर्न लाग्यो, "हे प्रभु, मलाई निको पारिदिनुहोस्। म जान्दछु तपाईंले चाहनु भयो भने मलाई जाती पार्नु सक्नु हुन्छ।" येशूले भन्नु भयो, "म तिमीलाई निको पार्न चाहन्छु। निको होऊ!" त्यसपछि उहाँले त्यस मानिसलाई छुनु भयो। झट्टै कोढले छोढयो। (लुका ५:१२,१३)
8. एकजना सेनाका अधिकारी उहाँकहाँ आए अनि उहाँको सहयोगको निम्ति विन्ती गरे।हे प्रभु! मेरो नोकर पक्षवातले थलिएर मेरो घरको पलङ्गमा लडिरहेको छ। उसले आफ्नो शरीर चलाउनसम्म सकेको छैन अनि उग्र व्यथाले पीडित छ।'...येशूले त्यस अधिकारीलाई भन्नुभयो, 'तिम्रो घरमा जाऊ। तिमीले विश्वास गरे जस्तै तिम्रो नोकर निको भइसकेको हुनेछ।' अनि ठीक त्यसैबला उसको नोकर निको भयो। (मत्ति ८:५-१३)
9. केही मानिसहरू एकजना पक्षवाती रोगीलाई आफूहरू सित लिएर येशू भएकहाँ आए। तब येशूले पक्षवातको रोगीलाई भन्नुभयो, 'उठ तिम्रो बिछ्यौना बोक र घर जाऊ।'अनि त्यो मानिस उठयो र घरतिर लाग्यो। (मत्ति ९:२-८)
10. अर्को दिन सभाघरमा येशूले सुकेको हात भएको मानिसलाई देख्नुभयो र उसलाई भन्नुभयो, "यहाँ खडा हौ र आफ्नओ हात पसार " उसले हात पसार्यो र पूर्ण रूपमा पुनर्स्थापित भयो। (मर्कूस ३: १-६)
11. जब येशू शहरको फाटक नजिक पुग्नु भयो,एउटी विधवाको एउटै भएको छोरो मरेको थियो।उहाँ त्यस विधवाको निम्ति हृदयबाट दुःखी हुनु भयो र तिनलाई भन्नुभयो, "नरोऊ।" येशू शवपेटिकाको नजिक पुग्नु भयो अनि त्यसलाई

छुनुभयो। लाश लगिरहेका मलामीहरू टक्क अडिए। उहाँले त्यो मरेको केटोलाई भन्नु भयो, "ए युवक म तिमीलाई भन्दछु, उठ।"त्यसपछि त्यो मरेको केटो तत्कालै उठेर बस्यो अनि बात गर्न शुरु गर्यो। (लुका ७:११-१७)

12. एकपटक येशू आफ्ना चेलाहरू सँग समुन्द्र बाट भएर जाँदै हुनुहुन्थ्यो, समुद्रमा त्यस बेला डरलागदो आँधी चल्यो। समूद्रका छालहरूले डुङ्गाको छेऊमा हान्यो, अनि डुङ्गामा पानी पस्न लाग्यो, डुङ्गा प्राय पानीले भरिन लाग्यो येशूले समूद्रलाई भन्नू भयो, "चूपचाप बस शान्त हो। अनि तत्कालै आँधी थामियो अनि ताल शान्त बन्यो। (मर्कूस ४:३५-४१)

13. गेरासेनेसको क्षेत्र मा दुष्ट आत्माहरु संग एक मानिस चिहान मा बस्दथे। जब उनले येशूलाई टाढाबाट देखे, उनी दौडिए र येशूको अगाडी आफ्नो घुँडा टेके र भने, "मबाट तपाईले के चाहनुहुन्छ, येशू, सर्वोच्च परमेश्वरका पुत्र? म परमेश्वरमा शपथ हालेर तपाँईलाई बिन्ती गर्दछु मलाई सजाय नदिनुहोस्!?"येशूले त्यस मानिसलाई भन्नुभयो, "ए दुष्टात्मा, यस मानिसबाट निस्की आइजा।" त्यसपछि त्यो मानिसले छुटकारा पायो र त्यसको मानसिक अवस्था ठीकै थियो। (मर्कूस ५:१-२०)

14. एउटी स्त्री जो १२ वर्ष देखि रगतबग्ने समस्या झेलिरहेकी थिई, येशू को पछिलागेको भीडको बीच बाट भएर येशुको बस्त्र मात्र छुने र निको हुने आसा मा थिई, जब त्यसले उहाँको वस्त्र छोई तत्कालै रगत बग्न बन्द भयो। त्यस त्यस



आईमाईले आफ्ना सारा जीउ नै व्यथा मुक्त भएको अनुभव गरी। (मर्कूस ५:२१-३४)

15. केही मानिसहरू सभाघरका प्रमुखका घरबाट आए, तिनीहरूले जारियसलाई भने, "तिम्रो छोरी मरी सकी। अब गुरूज्यूलाई दुख दिने आवश्यकता छैन।"..येशू अनि उहाँका चेलाहरू सभाघरका शासकको घरमा जानू भयो।अनि बालिकाको हात समातेर येशूले भन्नुभयो, "तालिता कूमी!" (जसको अर्थ, "सानी बालिका, म तिमीलाई भन्दैछु उठ!") सानी बालिका जुरूक्कै उठी अनि हिंड्न लागी। (मर्कूस ५:३५-४३)

16. दुइजना अन्धो मानिसले उहाँलाई पछ्याए। ती अन्धाहरूले ठूलो स्वरले रूदै भने, "हे दाऊदका पुत्र, कृपया हामीलाई सहायता गर्नुहोस्।"येशूले तिनीहरूका आँखाहरू छोएर भन्नुभयो, 'मैले तिमीहरूलाई देख्नसक्ने बनाउन सक्छु भन्ने विश्वास तिमीहरूसित छ। यस्तै हुन देऊ।" त्यसपछि तिनीहरूले तुरन्तै देख्न सके। (मत्ती ९:२७-३०)

17. केही मानिसहरूले अर्को एकजनालाई येशूकहाँ ल्याए। उसलाई भूत लागेको हुनाले त्यो मानिसले बोल्ने शक्ति गुमाएको थियो। येशूले त्यस मानिसबाट भूत भगाइदिनुभयो। त्यसपछि त्यो मानिस बोल्न थाल्यो। (मत्ती: ९:३२-३४)

18. बेथस्दाजहाँ जल-कुण्डथियो र धेरै रोगीहरू आएर नुहाउने अनि विभिन्न रोगहरूबाट निकोहुने गर्दथे। त्यहाँ अठ्तीस र्वषदेखि रोगले ग्रस्त भएको एकजना रोगी थियो।यशूले त्यस

मानिसलाई सोध्नु भयो, "तिमी निको हुन चाहन्छौ?" त्यस रोगीले उत्तर दियो, "महाशय, मलाई त्यो पानी चलिरहेको बेला त्यहाँ पस्न सहायता गर्ने कोही छैन्। तब येशूले भन्नुभयो, "उठ! तिम्रो ओछ्यान उठाउ र हिंड" तब तुरन्तै त्यो मानिस निको भयो। (यूहन्ना ५:१-९)

19. ठूलो भीड येशूको पछि लागेको थियो। उहाँमा करुणा थियो उनीहरुमाथि र उनीहरुका बिरामीहरुलाई निको पार्नुभयो। जब साँझ पर्नै लागेको थियो त्यहाँ पाँच रोटी र दुई माछा मात्र थियो। येशूले त्यो लिनुभयो र स्वर्गतिर हेर्नु भयो, धन्यवाद दिनु भयो र रोटी भाँच्नु भयो र मानिसहरूलाई दिनु भयो। सबैजनाले खाए र बाह्र टोकरी जती भाँचिएको रोटिका टुक्राहरु बाँकी थिए। खानेहरुको संख्या लगभग पाँच हजार पुरुष, अरु स्त्रीहरू र बालकहरू थिए।

(मत्ती १४:१३-२१)

20. येशू पानीमाथि हिडँदै तिनीहरू भएतिर जानुभयो। उहाँलाई पानीमा हिड्दै गरेको देखेर चेलाहरू डराउन लागेका थिए। पत्रुसले भने, "प्रभु, यदि वास्तवमा तपाईं नै हुनुहुन्छ भने, मलाई पानीमाथि हिडेर तपाईंकहाँ आउन भन्नुहोस्।' येशूले भन्नुभयो, "आऊ पत्रुस।"त्यसपछि पत्रुसले डुङ्गा छोडे र पानिमाथि हिंडदै येशू भएकहाँ गए। (मत्ती १४:२२-३३)

21. त्यसपछि उहाँहरू झील तरेर गनेसरेतको किनारमा पुग्नुभयो। त्यस ठाउँका मानिसहरूले येशूलाई देखे। उहाँ वास्तवमा को हुनहुन्छ भनेर तिनीहरूले जान्न पाए। तिनीहरूले त्यस क्षेत्र वरिपरिका सबै मानिसहरूलाई येशू



त्यहाँ आउनु भएको छ भनेर खबर फैल्याए। धेरै रोगीहरूलाई येशूकहाँ पुर्याए।तिनीहरूले उहाँको लुगाको किनार मात्र पनि छुनलाई अनुमति माँगे ताकि तिनीहरूको बिमार जाति होस्। अनि त्यहाँ त्यस्तै भयो।

(मत्ती १४:३४-३६)

22. एउटी आइमाईले येशू त्यहीं हुनुहुन्छ भन्ने थाहा पाई। त्यसको छोरीलाई दुष्टात्मा लागेको थियो।त्यो आईमाई यहूदी थिईन्, उ सिरियाको फोनिसियमा भन्ने ठाउँमा जन्मेकी यूनानी थिई। त्यसले आफ्नो छोरीमा लागेको भूतात्मा भगाऊन उहाँलाई बिन्ती गरिन्।...येशूले त्यस आइमाईलाई भन्नुभयो, "तिमी जानसक्छौ। तिम्रो छोरीलाई भूतात्माले छोडिसकेको छ।" त्यो आइमाई घर गई, अनि छोरीलाई ओछ्यानमा पल्टिरहेकी देखी, भूतात्मा गई सकेको थियो। (मर्कूस ७:२४-३०)

23. केही मानिसहरूले उहाँ कहाँ एकजना मानिस जो बैहो र लाटो थियो। ती मानिसहरूले उहाँलाई त्यो मानिसमा उहाँको हात राखेर निको परिदिनुहोस् भनी बिन्ती गरे। येशूले त्यस मानिसलाई भीडबाट उहाँसंगै अलग लानुभयो। उहाँले आफ्नो हातका औंलाहरू त्यो मानिसको कानहरूमा राख्नुभयो। त्यसपछि थुक्नुभयो अनि त्यो मानिसको जिब्रो छुनुभयो। येशूले आकाशमा हेर्नुभयो, अनि उहाँले लामो सास लिनु भयो। उहाँले त्यस मानिसलाई भन्नुभयो, "इफ्फाता" (यसको अर्थ "खोलिजा") जब येशूले

त्यसो गर्नुभयो, त्यस मानिसको कान खोलिए अनि जिब्रो को वन्धन फुक्यो। अनि उ र स्पष्ट बोल्ने भयो।

(मर्कूस ७:३१-३७)

24. २४. येशूले आफूलाई पछ्याउने भीड हरुलाई हेर्नुभयो र उहाँको हिर्दय दयाले भरियो किनकि उनीहरू तीन दिन देखि भोकै थिए त्यसैले उहाँले सात रोटी र केही साना माछाहरु लिनुभयो र धन्यवाद दिनु भयो। ती रोटियारु भाँचेर चेलाहरूलाई भीड मा बडिदिनु भन्नु भयो। भीड मा लगभग चार हजार पुरुष (महिला र केटाकेटी छोडेर) हरु थिए। सबैजनाले खाइसकेपछि सात टोकरी जती भाँचिएको रोटिका टुक्राहरु बाँकी थिए। (मत्ती १५: ३२-३९)

25. केही मानिसहरूले एउटा अन्धा मानिसलाई येशूकहाँ ल्याए, र त्यसलाई छोइदिनुहोस् भनेर बिन्ति गरे।येशूले अन्धो मानिसका आँखाहरूमा थुक्नु भयो अनि आफ्ना हातहरू त्यसमाथि राख्नु भयो, अनि अन्धालाई सोध्नुभयो, "तिमीले देख्न सक्छौ अहिले?"सले माथि हेरे अनि भने, "म मानिसहरूलाई रूखहरूजस्तै, हिंडिरहेको देख्छु।" फेरि येशूले आफ्नोहात त्यसको आँखा माथि राख्नुभयो, तब त्यो मान्छेले आफ्ना आँखा पूरा खोल्यो। उसले आफ्नो दृष्टि फेरि प्राप्त गर्यो, अनि उसले सबै कुरा स्पष्ट देख्यो।

(मर्कूस ८:२२-२६)

26. येशूले एकजना अन्धो मान्छेलाई देख्नु भयो। त्यो मान्छे जन्मैदेखि अन्धो थियो।येशूले भूँइमा थुक्नु भयो र त्यसबाट केही माटोको हिलो बानाउनु भयो अनि येशूले त्यसलाई



त्यस मानिसको आँखामा दलिदिनुभयो भयो। येशूले त्यस मानिसलाई भन्नुभयो, "जाऊ सिलोआमाको तलाउमा गएर पखाल।" (सिलोआमको अर्थ हुन्छ 'पठाउनु) तब त्यो मानिस तलाउमा गयो र धोयो। अब उ देख्ने लायकको भयो।

(यूहन्ना ९:१-९)

27. एउटा मानिस येशूको अघि निहुरियो। त्यो मानिसले भन्यो, "परमप्रभु, मेरो छोरोप्रति दया गर्नुहोस्। उसलाई छारेरोग लागेकोछ र यसै द्वारा पीडित छ। मेरो छोरो बारम्बार आगो र पानीमा लडछ।येशूले केटाभित्र भएको भूतलाई आज्ञागर्नु भयो। त्यो केटाबाट भूत बाहिर निस्क्यो, अनि त्यसबेला देखि केटो निको भयो। (मत्ती१७:१४-२१)

28. येशूले पत्रुस लाई भन्नु भयो, "पोखरीमा जाऊ र माछा समात्न बल्छीहान। तिमीले समातेको पहिलो माछा लेऊ, त्यसको मुख खोल र तिमीले चार ड्रकमाको एउटा मुद्रा पाउनेछौ। त्यो मुद्रा महसूल उठाउनेहरूलाई देऊ। त्यसैबाट तिम्रो र मेरो महसूल चुक्ता हुनेछ।" (मत्ती १७:२४-२७)

29. केही मानिसहरूले एकजना मानिसलाई येशू कहाँ ल्याए। उ अन्धो थियो अनि बोल्न पनि सक्दैनथ्यो किनकि उसलाई भूत लागेको थियो। उहाँले त्यसलाई निको पार्नुभयो अनि त्यस मानिसले बोल्न अनि देख्न थाल्यो। (मत्ती १२:२२)

30. सभाघरमा एउटी स्त्री थिई। ऊ भित्र दुष्टात्मा पसेको थियो जसद्वारा ऊ अठार वर्षबाट कुप्रेकी थिई। त्यसको ढाड कुप्रो थियो अनि सिधा उभिन सक्तिनथी।जब येशूले उसलाई

देख्नुभयो र उहाँले भन्नुभयो, "ए नारी, तिमी आफ्नो रोगबाट मुक्त भयौ।"येशूले ऊमाथि हात राख्नुभयो। त्यपछि ऊ उठ्न सकी अनि परमेश्वरको प्रशंसा गरी। (लुका १३:१०-१३)

31. एकजना जलोदर रोगीलाई येशूको अघि ल्याइएको थियो। उहाँले त्यस मानिसलाई ल्याउनु भयो अनि उसलाई निको पार्नुभयो। तब उहाँले त्यस मानिसलाई पठाइदिनु भयो। (लुका १४:१-४)

32. दश जना मानिसहरू जो कोडीका विमारीहरू थिए, ती मानिसहरूले येशूलाई चर्को स्वरमा भने, "हे येशू गुरुज्यु! दया गरी हामीलाई सहायता गर्नुहोस्।" जब येशूले ती मानिसहरूलाई देख्नु भयो, उहाँले भन्नुभयो, "जाऊ अनि पूजाहारीहरूलाई तिमीहरू आफैलाई देखाऊ।"जब ती दशजना मानिसहरू पूजाहारीहरूकहाँ जाँदै थिए, तिनहरू निको भए। (लुका १७:११-१९)

33. येशूका प्रिय व्यक्ति लाजरस मरी सकेका थिए र चिहानमा राखेको चारदिन भैसकेको थियो। येशूले मरियमलाई रोएकी देख्नु भयो। येशू एकदम उदास अनि विचलित हुनु भयो।येशू चिहानमा जानु भयो जहाँ लाजरसलाई राखिएको थियो। चिहान ओडार जस्तो बनाइएको थियो जो ढुङ्गाले ढाकिएको थियो। उहाँले जोड आवाजमा डाक्नुभयो, "लाजरस निस्क, बाहिर आऊ!"मृत मान्छे बाहिर निस्क्यो। उसका हात र खुट्टाहरू मलमलका लुगाका टुक्राहरूले बेह्रिएका थिए। उसको अनुहार रूमालले ढाकिएको



थियो।येशूले मानिसहरूलाई भन्नुभयो, "उसको लुगाहरू कात्रो खोलिदेउ र उसलाई जान देऊ।" (यूहन्ना ११:-४४)

34. एउटा अन्धो मानिस, बारतिमैं (तिमैको छोरो) नाम गरेको सडकको एक छेउमा बसिरहेको थियो। त्यसले सँधै पैसा मगिरहन्थ्यो।स अन्धो मानिसले नासरतदेखि यशू त्यत्तैतिर आउनु हुँदैछ भन्ने सुन्यो। त्यो चिच्याउन लाग्यो, "हे येशु, दाऊदका पुत्र, कृपया मलाई मद्दत गर्नुहोस्।"येशूले त्यस मानिसलाई भन्नुभयो, "मैले तिम्रो निम्ति के गरेको चाहन्छौ?"त्यो अन्धो मानसले जवाफ दियो, "हे गुरूज्यू म फेरि मेरो दृष्टि चाहन्छु।" येशूले भन्नुभयो, "जाऊ, तिमी निको भयौ किनभने तिमीले विश्वास गर्यौ त्सपछि त्यस अन्धो मानिसले फेरि दृष्टि प्राप्त गर्यो"। (मर्कूस १०:४६-५२)

35. येशू नगरतिर फर्किरहनु भएको थियो। उहाँ भोकाउनु भएको थियो। उहाँले बाटोको किनारमा त्यस नेभाराको रूख देख्नु भयो। येशूले नेभाराको रूखको छेउमा गएर उहाँले केही फल खाने इच्छा गर्नुभयो। तर त्यो नेभाराको रूखमा त्यसमा खाने फल केही थिएन। त्यहाँ पातैपात मात्र थिए। अनि येशूले त्यो रूखलाई भन्नुभयो, "अब उप्रान्त तँमा फल लाग्ने छैन।" अचानक त्यो रूख ओइलायो र मर्यो। (मत्ती २१:१८-१९)

36. येशू बोलिरहनु भएको थियो, एक दल मानिसहरू त्यहाँ आइपुगे। बाह्रजना प्रेरितहरूमध्ये एकजना जसलाई यहूदा भनिन्थ्यो त्यो दललाई अगुवाई गरिरहेको थियो। तिनीहरूमध्ये एकजना चेलाले त्यसको तरवार चलायो अनि

त्यसले प्रधान पूजाहारीको नोकरको दाहिने कान काटिदियो। येशूले भन्नुभयो, “थाम” तब उहाँले नोकरको कान छुनु भयो अनि त्यसलाई निको पारिदिनु भयो।

(लुका २२:४७-५३)

37. येशू ख्रीष्ट क्रसमा वाली भइसकेपछि, परमेश्वरको वचन प्रचारगर्नको सट्टा चेलाहरु माछा मार्नतिर लागेका थिए। त्यो रात तिनीहरूले एउटा पनि माछा मार्न सकेनन्। अर्को दिन बिहान बौरी उठेका येशू उनीहरूको सामु देखा पर्नु भयो था तिनीहरूलाई बोलाउनु भयो, “साथीहरू हो! तिमीहरूले कुनै माछा पक्रियौ?” “छैन", तिनीहरूले जवाफ दिए। येशूले भन्नुभयो, “माछा मार्ने जाल फ्याँक तिमीहरूको डुङ्गाको दाहिनेपट्टि। तिमीहरू त्यहाँ केही माछाहरू पाउनेछौ।” तिनीहरूले त्यसै गरे। तिनीहरूले यति धेरै माछाहरू पक्रे कि तिनीहरूले डुङ्गातर्फ जाल तान्न पनि सकेनन्।

(यूहन्ना २१:१-१४)

येशूले अरू पनि धेरै कामहरू गर्नु भएकोछ। ती विषयमा एक एक गरेर सबै लेखिए भने म सोच्दछु कि जो पुस्तकहरू लेखिन्छ ती यति अधिक हुनेछ कि सारा पृथ्वीमा त्यो अटाउने छैन। (यूहन्ना २१:२५)

येशू ले भन्नु भयो, “म तिमीहरूलाई सत्य भन्छु। जसले ममा विश्वास गर्छ उसले पनि त्यस्तै काम गर्नेछ जो म गर्छु। उसले वास्तवमा त्यो भन्दा पनि महान काम गर्नेछ। अनि मेरो नाममा केही पनि माग्यो भने, म त्यो तिमीहरूको लागी गरिदिनेछु। तब



पिताको महिमा पुत्रको माध्यमाबाट देखिनेछ। यदि तिमीहरूले मेरो नाममा केही माग्यौ भने, म दिनेछु। (यूहन्ना १४:१२-१३)

**परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ, सर्वत्र हुनुहुन्छ, सर्वज्ञानी र सर्वत्र हुनुहुन्छ। उहाँमा केहि कुरा असम्भव छैन। येशू ख्रीष्ट ले सबै किसिमका अचम्मका काम हरु गर्नु भएको छ। उहाँको लागि केही कुरा पनि असम्भव थिएन, किनकि वह परमेश्वर हुनुहुन्छ। हामी उहाँको नाउँको प्रशंसा गरौं ।**

०४-०४-२०१३ मा क्षत्रिय दैनिक ***‘विजय कर्नाटक ’*** मा प्रकाशितएक लेख

## १६. व्यभिचारमा फसेकी एक महिलालाई न्यायको लागी येशूको सामु ल्याईयो

“भारतीयहरु एक पूर्ण उदाहरणिय जीवन चाहन्छन्। चाहे त्यो समय र राष्ट्र को इतिहासमा एक समावेशी होस् वा नहोस् , त्यसले केही फरक पर्दैन” “एउटा व्यक्ति जसले यस्तो उदाहरणीय जीवन बिताओस, जो पूजा गर्न योग्यको हुन्छ” **-स्वामी विवेकानन्द**

‘याज आई स माई मास्टर’ पेज नं. १८७-१८८

बिहानै येशू मन्दिर तर्फ फर्कनुभयो। सबै मानिसहरू येशूकहाँ आए। येशू बस्नु भयो र तिनीहरूलाई सिकाउनु भयो। शास्त्रीहरू र फरिसीहरूले एकजना आइमाईलाई त्यहाँ ल्याए। त्यस आइमाईले व्यभिचार गरिररहेको बेला समातिएकी थिई। ती यहूदीहरूले त्यस आइमाईलाई बलजफ्ती जनसमूह समक्ष

ल्याए। तिनीहरूले येशूलाई भने, "गुरूज्यू, यस आइमाई पर-पुरुषसँग व्याभिचार सम्बन्धमा रहेको बेला समातिई। मोशाको व्यवस्थाले आज्ञा गर्दछ कि यस्तो आइमाईलाई ढुङ्गाले हानेर मार्नु पर्छ। अब तपाईं के भन्नु हुन्छ?" यहूदीहरूले येशूलाई जालमा पार्नुका निम्ति त्यस्ता प्रश्नहरू गरिरहेका थिए। तिनीहरू येशूले गल्ती कुरा गरोस् भन्ने चाहन्थे ताकि तिनीहरूले उहाँलाई आरोप लगाउन सकुन। तर येशू निहुरनु भयो र आफ्नो औंलाले जमीनमा लेख्न थाल्नु भयो। यहूदीहरूले लगातार त्यही प्रश्न येशूलाई सोधिरहे। तब येशू उभिनु भयो अनि भन्नुभयो, "तिमीहरू माझमा कुनै एक मानिस जो पाप रहित छ त्यो मानिसले उसलाई प्रथम ढुङ्गा हान्ने छ।" तब फेरि येशू निहुँरनु भयो र जमीनमा लेख्नु भयो। जब येशूले भनेको तिनीहरूले सुने तिनीहरू एक पछि अर्को गर्दै त्यहाँबाट जान थाले। बूढा मानिसहरूले पहिला छाडे र त्यसपछि अरूअरूले छाड्दै गए। येशू एक्लो छाडिनु भयो त्यस आइमाईसंग। त्यस आईमाई उहाँ समक्ष उभिरहेकी थिई। येशू उठनु भयो अनि तिनलाई सोध्नु भयो, "नारी, तिनीहरू कहाँ छन्? तिनीहरू कसैले तिमीलाई दोषी ठहराउन सकेनन्?" उसले भनी, "महोदय, मलाई कसैले दोषी ठहरयाउन सकेन।"तब येशूले भन्नुभयो, "तब म पनि तिमीलाई दोषी ठहरयाउँदिन, तिमी जान सक्छौ, तर फेरि पाप नर्गनू।" (यूहन्ना ८:१-११)





**मानौ कि तपाईं त्यहाँ फरिसीहरु को बीचमा यो स्थितिमा हुनुहुन्थ्यो ,के तपाईँ त्यो महिलालाई ढुगा हान्नुहुन्थ्यो?**

येशू ख्रीष्टले ढुङ्गाले हानेर त्यो स्त्रीको हत्यगर्ण सक्नुहुन्थ्यो किनकि उहाँ पूर्ण रूपले पाप रहित र धर्मी हुनुहुन्थ्यो। पवित्र बाइबल ले भन्दछ "उनले पाप गरेनन्, अनि उनको मुखमा कुनै छलको कुरो पाइएन।" **येशू ख्रीष्ट यस संसारमा धर्मी लाई बचाउन र धर्मलाई नष्ट गर्न आउनु भएको होइन।** उहाँ पापीहरुलाई खोज्न, बचाउन र अनन्तको जीवन अर्थात् मुक्ति दिन आउनु भयो।

"नगरमा अस्वच्छ वस्तुहरु कोही पस्न पाउने छैन। कुनै पनि मानिस जो लज्जाजनक कुरा गर्छ वा झूटो बोल्छ यो नगरमा कहिल्यै प्रवेश गर्ने छैन। केवल ती मानिसहरु जसका नाउँ भेंडाका पाठाको पुस्तकमा लेखिएको छ, नगरमा प्रवेश गर्नेछन्। (प्रकाश २१:२७)

"परमप्रभु मोशाको अघि जानु भयो अनि भन्नुभयो, "म यहोवा अनि म परमप्रभु हुँ। म करूणापूर्ण अनि दयालु हुँ। म रिसाउनुमा ढीलो, म प्रेमले परिपूर्ण अनि विश्वास योग्य छु। एउटा पुस्तादेखि अर्को पुस्तासम्म परमप्रभुले कृपा देखाउनु हुन्छ। उहाँले मानिसहरूलाई तिनीहरूको दुष्टता, कुकर्म अनि विद्रोहमा क्षमा गर्नुहुन्छ। तर दोषी मानिसलाई दण्ड दिन उहाँ बिर्सिनु हुन्न। तिनीहरूद्वारा गल्ती गरिएको कारण तिनीहरूका छोरा-छोरीहरू, नाति-पनाति, तिनीहरूका सन्तानले तेस्रो अथवा चौथो पुस्तासम्म दुःख भोग्नु पर्छ।" (प्रस्थान ३४:६,७)

धर्मशास्त्रले भन्दछः"परमप्रभुले देख्नु भयो पृथ्वीका मानिसहरुमा दुष्टता अत्यन्तै धेरै थियो अनि तिनीहरुले मनमा जे चिताउँद थिए सँधै विचारहरु नै दुष्टपूर्ण हुन्थ्यो। त्यहाँ पापरहित मानिस कोही छैनन्। एउटै पनि छैनन्! त्यहाँ कोही बुझकी मानिस छैनन्। त्यहाँ परमेश्वरको खोजी गर्ने एकैजना पनि छैन।सबै मानिसहरूले पाप गरेका छन् अनि परमेश्वरको महिमासम्म पुग्न चुकेका छन्।" (उत्पति ६:५, रोमी ३:११,२३)

"जसले आफ्नो पापहरू लुकाउँछ उसको कहिल्यै उन्नति हुदैन, तर जसले आफ्नो पापहरू स्वीकार गर्छ र यसलाई त्यागी दिन्छ उसले कृपा प्राप्त गर्छ।" (हितोपदेश २८:१३)

"येशू हाम्रो पाप क्षमा गर्ने माध्यम हुनुहुन्छ अनि सम्पूर्ण संसारका मानिसहरुको पापहरु पनि क्षमा गराउनुहुन्छ।" (१ यूहन्ना २: २)

"परमेश्वर ज्योतिमा रहनु हुन्छ। हामी पनि ज्योतिमा बस्नुपर्छ। यदि हामी ज्योतिमा बस्यौं भने हामी एक अर्कोमा सङ्गतिको सहभागी हुन्छौ। अनि जब हामी ज्योतिमा बस्छौं, येशूको रगतले हामीलाई सम्पूर्ण पापबाट धुन्छ। यदि हामी, हामीमा पाप छैन भन्छौ भने हामीले स्वयंलाई धोका दिइरहेछौ, अनि हामीमा सत्य छैन। तर यदि हामी हाम्रा पापहरु स्वीकार गर्छौ तब परमेश्वर जो विश्वासयोग्य अनि धर्मी हुनुहुन्छ हाम्रा पापहरु अनि हामीले गरेको जम्मै गल्तीहरु क्षमा गर्नुहुनेछ। परमेश्वरमा जे उचित छ त्यही गर्नुहुन्छ।" (१ यूहन्ना १:७-९)



पापको ज्याला मृत्यु (अनन्तको नर्क) हो। जब संसारका सम्पूर्ण धर्मशास्त्रहरूले यो सत्य लाई बाहिर ल्याएकी, शुद्ध रगतको वलीचढाए बिना कुनै पशुको वली द्वारा मानिसलाई पापबाट शुद्ध गर्न र मानिसले मुक्ति पाउन असम्भव छ। त्यो व्यविचार मा फसेकी स्त्री सँगसँगै हाम्रा पाहरुलाई पनि परमेश्वरले येशू ख्रीष्टमा हालिदिनु भएको छ। येशू ख्रीष्टले हाम्रा सम्पूर्ण पाप हरुलाई क्षमा गरिदिनु भएको छ, "हामी ऋणी छौं किन कि हामीले परमेश्वरको नियम तोडेका थियौं। त्यस ऋण-पत्रमा नियमको सूची थिएन जुन हामीले मानेका थिएनौं। तर परमेश्वरले हामीलाई त्यस ऋणदेखि पनि मुक्त पारिदिनु भयो। परमेश्वरले त्यो ऋण लगेर क्रूसमा ठोकिदिनु भयो।" (कलस्सी २:१४) हामी येशूको रगतले शुद्ध गरिएकाहरु हौ। अति पवित्र जसले परमेश्वर पिता को आज्ञा मानिकन, सम्पूर्ण मानिस जातिको पापको बोझ उठाउनु भयो चाहे त्यो जुनसुकै राज्य, भाषा, जाती, रंगको लागि किन नहोस्। यसरी येशू ख्रीष्टले आफ्नो शुद्ध रगत बलिको रूपमा चढाएर हाम्रो पापको मोल तिरिदिनुभयो र भन्नु भयो "अब सकियो"। हामीले गरेको भूल कामहरूका लागि उहालाई पीडा सहन बाध्य गराइयो। उहालाई हाम्रो दोषकोलागि श्राप दिइयो। हाम्रो ऋणको निम्ति उहालाई सजाय दिइयो।उहाको पीडाले नै हामीलाई क्षमा गरियो। हामी सबै भेडा जस्तै लक्ष्यविहीन घुमिरह्यौं। हामी सबै आ-आफ्ना बाटो तिर लाग्यौ। परमप्रभुले हाम्रो दोषहरू माफ गरिदिनु भयो अनि हामीले आफ्ना सबै दोष उहाँमाथि थुपार्यौं। (हिब्रू ९ र १०, यशैया ५३:५,६)

"ख्रीष्टले हाम्रा पापहरु आफ्नो शरीरमा क्रूसमा बोक्नु भयो। उहाँले यसो गर्नुभयो ताकि हामी पापको निम्ति मरेर र् धार्मिकताको निम्ति अनि जे उचित छ त्यसका निम्ति बाँच्ने गरौं। उहाँको चोटहरुले तिमीहरु निको पारियौ।" (१ पत्रुस २:२४)

"परमेश्वर सबैको उद्धार भएको चाहनुहुन्छ अनि उहाँ यो पनि चाहनुहुन्छ कि, यो सत्यलाई सबैले जानुन्। परमेश्वर एकमात्र हुनुहुन्छ अनि मानिसहरूको उहाँकहाँ पुग्ने बाटो पनि एउटै छ। त्यो बाटो येशू ख्रीष्ट मार्फत हो, जो एकजना मानिस पनि हुनुहुन्छ। सबै मानिसहरूको पापहरूको मूल्य चुकाउन येशूले स्वयंलाई बलिदान गर्नु भयो। येशू प्रमाण हुनुहुन्छ कि सबैको उद्धार होस् भन्ने परमेश्वर चाहनुहुन्छ। अनि उहाँ ठीक समयमा आउनुभयो।" (१ तीमोथी २:४-६)

**हामीले हाम्रो पाप बाट छुटकारा पाउन र स्वर्ग जानको लागि के गर्नु पर्दछ?**

येशू ख्रीष्टमा विश्वास गरेर हामीले र हाम्रो परिवारले उधार र मुक्ति प्राप्त गर्न सक्छौ। यदि तिमीहरूले "येशू नै प्रभु हुनुहुन्छ," भन्न मुख खोल्यौ भने अनि यदि परमेश्वरले येशूलाई मृत्युबाट बौराउनु भयो भन्ने कुरामा तिमीहरू विश्वास गर्छौ भने, तिमीहरूको उद्धार हुनेछ। हो, हामी हृदयले विश्वास गर्छौं त्यसैले हामी धर्मी बनाइका छौं। अनि हामी विश्वास गर्छौं भन्ने स्वीकार गर्न हामी आफ्ना मुख खोल्दछौं त्यसैले हामी बचाईएका छौं। हामीले मुख खोल्यौं र विश्वास गर्यौं अनि हाम्रो उद्धार भयो। हो, धर्मशास्त्रले भन्छ, "जसले पनि उहाँमा विश्वास गर्छ भने, उ लज्जित हुने छैन।" किनभने यहूदी र गैर-यहूदीहरूमा भिन्नता छैन। उहाँनै परमप्रभु सबैका लागि प्रभु हुनुहुन्छ। ज-जसले उहाँमा विश्वास राख्दछ ती सबैलाई उहाँ पूर्ण आशिष दिनुहुन्छ।



हो, धर्माशास्त्रले भन्छ, "जसले परमप्रभुमा भरोसा राख्छ उसको उद्धार हुँदछ।" (प्रेरित १६:३१, रोमी १०:९-१३)

***********************************

**राज्य समाचार पत्र उदयवानी २४-३-२०१३ मा र प्रजावनी २४-०५-२०१३ मा प्रकाशित एक लेख**

## १७. "मृत्यु पछि के हुन्छ?" भन्ने प्रश्नको बाइबल अनुसार सिधा जवाफ

*"यदि तिमी मुक्ति चाहन्छौ भने येशू लाई मात्र पूजा गर, किनभने उहा भगवानहरु को भावनाहरु कल्पना गर्न सक्ने भन्दा महान हुनुहुन्छ। "*

***- स्वामी विवेकानन्द***

(कृथिश्रेनी को उपदेश पेज नं ३३१, सारांश बाट)

संसार समाप्त भएर जान्छ कि जाँदैन थाहा छैन, तर यति कुरा चाहिँ पक्का छ कि हामीले एक न एकदिन यो संसार छोडेर जानै पर्ने हुन्छ। त्यसैले यो जान्न जरूरी छ कि, म को हुँ? मृत्यु पछि म कहाँ जान्छु? यो विषयमा बाइबल ले के भन्दछ, सो कुरा यसप्रकार छ :

**स्वर्ग र पृथ्वीको सृष्टि; पापमा मानिसको पतन**

आदिमा, परमेश्वरले स्वर्ग र पृथ्वी सृस्टि गर्नु भयो। त्यसपछि, उहाँले मानिस लाई आफ्नै स्वरूपमा बनाउनु भयो। उहाले जमीनको धूलो बाट मानिस बनाउनु भयो र नाक बाट जीवनको सास फुकिदिनु भयो, र मानिस जीवित भयो, यसरी

मानिस जीवित प्राणी बन्यो। तब परमेश्वरले, मानिस लाई गहिरो निन्द्रामा पार्नु भयो र उसको करङ बाट स्त्री बनाउनु भयो। उनीहरूको लागि परमेश्वरले एउटा बगैंचा बनाउनु भयो र आज्ञा दिनु भयो,"तिमीले कुनै चिन्ता बिना यस बगैंचाको कुनै पनि रुखबाट फलहरु खान सक्छौ।"तर तिमीले त्यस रुखको कुनै फल खानु हुँदैन जसले असल र खराबको ज्ञान दिन्छ, किनभने जुन दिन तिमी त्यस रुखको फल खान्छौ निश्चयनै त्यस दिन तिमी आफै मर्नेछौ।" तर स्त्रीले आफ्नो अनाज्ञाकारितामा, नखानु भनिएको रुखको फल खाइन् र आफ्नो पतिलाई पनि खानाको लागि दीइन। यसरी त्यहाँबाट मानिस जातीमा पाप सुरु भयो। परमप्रभुले देख्नु भयो पृथ्वीका मानिसहरुमा दुष्टता अत्यन्तै धेरै थियो अनि तिनीहरुले मनमा जे चिताउँद थिए सँधै विचारहरु नै दुष्टपूर्ण हुन्थ्यो। अनि परमप्रभु पृथ्वीमा मनुष्य जाति सृष्टि गरेकोमा दुःखी हुनुभयो। त्यसले परमप्रभुलाई हृदयबाट नै दुःखी तुल्यायो। (उत्पति १-६)

## अन्त्यका दिनका चिन्हहरु

एक जातिले अर्को जातिको विरोध गर्नेछ अनि राज्य राजयको विरोधमा युद्ध हुनेछ। अनि धेरै ठाउँमा अनिकाल लाग्नेछ अनि भूँईचालो जानेछ। यी सबै थोक सुत्केरी व्याथा लागे झैं आइलाग्ने छन्। त्यसपछि तिमीहरूलाई मानिसहरूले नराम्रो व्यवहार गर्नेछन्। मानिसहरूले तिमीहरूलाई शासकहरूको हातमा सुम्पने र सताउनेछन् र मार्नेछन्। तिमीहरूले ममाथि विश्वास गरेकै कारण मानिसहरूद्वारा तिमीहरू घृणित हुनेछौ। त्यसबेला धेरै विश्वासीहरूले आफ्नो विश्वास हराउनेछन्।



तिनीहरूले एका-अर्कालाई विरोध गर्नेछन् र एक-अर्कालाई घृणा गर्नेछन्। अनेकौं झूटा अगमवक्ताहरू घृणा गर्नेछन्। तिनीहरूले मानिसहरूलाई झुटो कुराहरूमा विश्वास गराउने कोशिश गर्नेछन्। संसारैभरि थुप्रै दुष्टहरूदेखा पर्नेछन्। अनि एकदमै विश्वासीहरूले प्रेम देखाउने छैनन्। तर अन्त्यसम्मै जो दृढ रहन्छ उही नै सुरक्षित हुनेछ। संसारैभरि परमेश्वरको राज्यको बारेमा सुसमाचारहरू प्रचार गरिनेछ। प्रत्येक राष्ट्रलाई नै यी कुराहरू भनिनेछ। त्यसपछि अन्त्य आउने छ। (मत्ती २४:७-१४)

## कहिले संसारको अन्त्य हुन्छ र अन्तिम दिनहरूमा मा के के हुन्छ?

"त्यो दिन जब परमप्रभु आउनु हुन्छ, चोर जस्तै एक अचम्म प्रकारले आउनु हुनेछ। आकाश एक प्रबल गर्जनले अदृष्य हुनेछ। आकाशमा भएका सबै थोकहरु आगोले नष्ट पार्नेछ। अनि पृथ्वी र यसमा भएका सबै थोकहरु आगोले जलाउनेछ।" (२ पत्रुस ३:१०)

## लगभग दुई हजार वर्ष पहिला येशुखृष्टका मृया चेला यूहन्नाले देखेको दर्शन यसरी लेखिएको छः

"तब, त्यो भेंडाको पाठाले छैटौं मोहर खोल्यो। त्यहाँ डरलाग्दो भूँईचालो गयो। सूर्य, केशले बनिएको वस्त्र जस्तै कालो भयो। चन्द्रमा पूर्ण रगत जस्तै रातो भइहाल्यो। आकाशका ताराहरु, तेज हावाले नेभाराको रुखबाट नेभाराहरु झरे जस्तै पृथ्वीमा भरे। आकाश पत्र बेह्रिए झैं हरायो। अनि हरेक पर्वत अनि द्वीप आफ्ना

ठाँउबाट सरे। तब समस्त मानिसहरु गुफाहरुमा अनि पर्वतका चट्टानहरुमुनि लुके। त्यहाँ संसारका राजाहरु, शासकहरु, सेनाध्यक्षहरु, अनि शक्ति सम्पन्न मानिसहरु थिए। हरेक मानिस, दास अनि मुक्त सबैले स्वयंलाई लुकाए। मानिसहरुले पर्वत अनि चट्टानहरुलाई भने, "हामीमाथि खस। हामीलाई सिंहासनमा बस्ने तिनी एकबाट लुकाऊ। हामीलाई भेंडाको पाठाको क्रोधबाट बचाऊ। तिनीहरुको क्रोध दिवस आईपुग्यो अनि यसको विरुद्धमा को उभिन सक्छ?" (प्रकाश ६: १२-१७)

## जब संसारको अन्त्य हुन्छ, हामी लाई के हुन्छ अर्थात् के हाम्रो मृत्यु हुन्छ?

सबैले एकपल्ट मर्नैपर्छ। मरेपछि उसको न्याय हुन्छ।न्यायको निम्ति हामी सबै परमेश्वरको अघि उभिनै पर्छ। प्रत्येकले यस पार्थिव शरीरमा हुदाँ जे गरेको छ, उसले त्यो पाउनै पर्छ राम्रो अथवा नराम्रो पाउने नै छ। उहन्नाले देखेको स्वर्गको दर्शन यसरी लेखिएको छ : अनि मैले ती महान अनि साधारण मानिसहरु जो मरिसकेका थिए, सिंहासन अघि उभिएका देखें। अनि त्यो जीवनको पुस्तक खोलियो। त्यहाँ अन्य पुस्तकहरु पनि खुल्ला थिए। यी मरेका मानिसहरुलाई तिनीहरुले गरेका कर्महरुको आधारमा जुन ती किताबरुमा लेखिएका थिए न्याय गरियो। समुद्रले ती मृत मानिसहरुलाई छोडि दियो जो त्यसमा थिए। मृत्यु अनि पातालले तिनीहरुसंग भएका मृत मानिसहरु दिए। प्रत्येक मानिसलाई उसले गरेका कर्मको आधारमा न्याय गरियो। अनि मृत्यु एवं पाताललाई अग्नि-कुण्डमा हालियो। यो अग्नि-कुण्ड



दोस्रो मृत्यु हो। यदि कुनै मानिसको नाउँ जीवनको पुस्तकमा लेखिएको नभेट्टाइए त्यो मानिसलाई अग्नि-कुण्डमा हालिन्थ्यो।"
(हिब्रू ९:२७, २ कोरिन्थि ५:१०, प्रकाश २०:१२-१५)

## किन परमेश्वरले नर्क बनाउनु भयो?

न्यायको दिन मा परमेश्वरले तिनीहरूलाई यसरी भन्नु भयो "'मदेखि दूर भई जाओ। परमेश्वरले अधिनै तिमीहरूलाई दण्ड दिने निश्चय गर्नु भएको छ। जाऊ सँधै जलिरहने आगोमा पस। त्यो आगो दुष्टहरू र तिनीका दूतहरूकालागि बालिएको हो। तिमीहरू गइहाल, किनभने म भोकाएको थिएँ, तिमीहरूले केही खान दिएनौ। म तिर्खाएका थिएँ, तिमीहरूले केही पिउन दिएनौ। म घरदेखि एक्लै र टाढोमा थिएँ, अनि तिमीहरूले मलाई आफ्नो घरमा बोलाएनौ। म नाङ्गो थिएँ, अनि तिमीहरूले मलाई पहिरिनलाई वस्त्रहरू दिएनौ। म रोगी थिएँ, अनि कैदमा थिएँ, तिमीहरूले मेरो परवाह नै गरेनौं।' "त्यसपछि तिनीहरूले पनि जवाफ दिए, 'परमप्रभु, हामीले तपाईंलाई कहिले भोकाएको र तिर्खाएको देख्यौं? हामीले कहिले तपाईंलाई एक्लो घरदेखि टाढो भएको देख्यौं? अनि हामीले तपाईंलाई कहिले नाङ्गो वा विरामी वा कैदमा परेको देख्यौ? अनि यी सब देखेर हामीले मद्दत गरेनौं?।"त्यसपछि राजाले तिनीहरूलाई जवाफ दिए, 'म तिमीहरूलाई साँचो भन्दछु, 'यी मेरा मानिसहरू निम्ति जे पनि तिमीहरूले गरेनौ, यी सबै तिमीहरूले मेरो निम्ति गरेनौ।' त्यसपछि ती दुष्ट मानिसहरू सदा-सर्वदा दण्डित (नर्क) हुनको निम्ति जाने छन्। तर असल मानिसहरू चाँहि अनन्त जीवन प्राप्त गर्न जानेछन्।" (मत्ती २५:४१-४६)

तर मानिसहरु जो कातर, अविश्वासी घृणाजनक कर्म गर्ने, हत्यारा व्यभिचारी जादूवाला, मूर्तिपूजक अनि जम्मै झूटा बोल्नेहरु छन् तिनीहरुले गन्धकको अग्नि कुण्डमा ठाँउ पाँउछन्।नरकमा, जसलाई कीरा लाग्दछ त्यो कहिल्यै मर्दैन। नरकमा, आगो पनि कहिल्यै निभ्दैन।

(प्रकाश २१:८, मर्कूस ९:४८)

**नर्क नभएर, स्वर्गमा जान हामीले के गर्नु पर्छ?**

१. एउटा मानिस येशूकहाँ आएर सोध्यो, "गुरूज्यू, अनन्त जीवन प्राप्त गर्नका लागि मैले के गर्नु पर्छ?'येशूले भन्नुभयो, "यदि तिमी सिद्ध हुन चाहन्छौ भने, आफूमा भएको जे जति चीजहरू छन् त्यो बीक्री गर। त्यसबाट आएको पैसा-रूपीयाँ गरीबाहरूलाई बाँढ। तिमीले त्यसो गर्यौ भने तिमीले स्वर्गमा भएको सम्पत्ति प्राप्त गर्नेछौ। तब तिमी आएर मेरो पछि लाग।"तर यो कुरा सुनेर त्यो जवान मानिस खुबै निराश भयो किनभने त्यो धनी मानिस थियो। यसर्थ ऊ येशूलाई छोडेर गइहाल्यो। यसैकारणले येशूले भन्नु भएको थियो, ""ती मानिसहरू धन्य हुन् जसले आफूलाई आत्मिक रूपले दरिद्र छौं भनी बुझेका छन्, किनभने स्वर्गको राज्य तिनीहरूकै हो।" (मत्ती १९:१६-२६; ५:३)



२. येशूले उनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ।" जुन मानिसले ममा विश्वास गर्दछ ऊ मरे पनि उसले जीवन पाउने छ। अनि जुन मानिस ममा बाँच्छ अनि ममा विश्वास गर्छ उ वास्तवमा कहिल्यै मर्ने छैन। मार्था, तिमी यसमा विश्वास गर्छ्यौ?"

(यूहन्ना ११:२५,२६)



३. येशू मात्र एक त्यस्तो हुनुहुन्छ जो मानिसहरूलाई बचाउन योग्य हुनु हुन्छ। उहाँको नाँउ मात्र यो संसारका मानिसहरूलाई दिइएको एक शक्ति हो, जसद्वारा हामी बचाइन सक्छौ।"

(प्रेरित ४:१२)

४. प्रत्येक मानिस जसले येशूमाथि विश्वास गर्दछ येशूको नाउँमा उसले पापहरू माफ पाउनेछ। सम्पूर्ण अगमवक्ताहरूले उनको सत्यता सावित गरे।" (प्रेरित १०:४३)

५. "प्रभु येशूमा विश्वास गर तब तिमी र तिम्रो घरका मानिसहरूले मुक्ति पाउनेछन्।" (प्रेरित १६:३१)

शिमोगा जिल्लाको सबै दैनिक अखबार ०६-०४-२०१२ मा प्रकाशितएक लेख

## १८. येशू ख्रीष्टले क्रुसमा बोल्नु भएका सात वटा वाणीहरु

- निर्दयी तरिकाले यातना दिई रहेका मानिसहरु तर्फ हेर्दै

1. **"येशूले भन्नुभयो, "हे पिता, तिनीहरूलाई माफ दिनुहोस् किनभने तिनीहरू के गरिरेहछन्, जान्दैन्।"**

(लुका २३:३४)

- एउटा चोर जसलाई येशू को छेवैमा क्रुसमा ठगिएको थियो, उसले स्वर्ग मागेको कारणले , उसलाई हेर्दै येशूले भन्नु भयो,

2. **"सुन! जे भन्दछु त्यो साँचो होः आज नै तिमी पनि मसँग स्वर्ग-लोकमा हुनेछौ!"** (लुका २३:४३)

- येशूले आफ्नी आमालाई देख्नु भयो। उहाँले ती उभिनेहरूमा आफ्ना चेलाहरूलाई पनि देख्नु भयो। उहाँले आफ्ना आमालाई भन्नु भयो,

3. **“हे प्रिय नारी तिम्रो पुत्र यहाँ छ।”** त्यसपछि आफ्ना चेलालाई भन्नुभयो, **“यहाँ तिम्रा आमा हुनुहुन्छ।”** तब त्यसपछि, ती चेलाहरूले येशूकी आमालाई आफ्ना घरमा लगे। (यूहन्ना १९:२६-२७)

- हाम्रो पापको खातिर जब येशूले परमेश्वरको पूर्ण न्याय बोक्नुभएको थियो,उहाँले आत्मिकी पीडा भोग्नुभयो र भन्नुभयो,

4. **“हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन एक्लै छोडनुभयो?”** (मर्कूस १५:३४)

- येशू ख्रीष्ट अघिल्लो दिनमा नै पक्राउ पार्नु भएको थियो र वचन पूरा हूंनको लागि, क्रुसमा बिहान नौ बजे देखि दिनको तीन बजेसम्म दुःख भोग्नु भएको थियो, त्यसैले

5. **“मलाई तिर्खा लाग्यो”**भन्नु भयो। (यूहन्नाको १९:२८)

- जब येशूले क्रुसमा मुक्तिको खातिर लड़ाई लडिसक्नु भयो तब यसो भन्नु भयो, **“अब सिद्धियो” (यूहन्ना १९:३०)**

➡ जब येशूका परमेश्वर पिताको इच्छा पुरगरिसक्नु भएपछि, यसो भन्दै आफ्नो प्राण त्याग्ने भयो, **“हे पिता, म तपाईंलाई मेरो आत्मा दिंदैछु।” (लुका २३:४६)**

परमेश्वरले संसारको समपूर्ण पाप येशूमा लिनु भयो। येशु खृष्ट पवित्र भएर पनि हाम्रो सम्पूर्ण पाप आफूसँग लिनु भयो,



क्रूसमा छ घण्टा सम्म दुख्ख भोग्नु भयो र “अब सक्कियो” भन्दै आफ्नो प्राण त्याग्नु भयो। यसैकारणले, जुनदिन बाट हाम्रो पापको बन्धनहरुबाट हामीले छुटकारा पायौं, त्यो दिन लाई “असल शुक्रबार" भन्दछौ।

**०६-१२-२०१३ मा शिमोगा स्थानीय दैनिक समाचार पत्र मा प्रकाशित एक लेख**

## १९. येशूको सिक्षा संसारभरि घोषणा गरिएको

*“अरुको कल्याण को लागी तपाइँको जीवन समर्पित गर्नुहोस्;महान काम महान् बलिदान संग मात्र सम्भव छ। एक व्यक्ति आफ्नो मुटु को रगत बाट अरु को लागी बाटो बनाउँछ भने त्यो महान व्यक्ति हो।”*

**-स्वामी विवेकान्द,**

(विडयुट वाणी पेज न: ६,७)

लगभग २०२१ वर्ष अगाडी, येशू ख्रीष्ट यो संसारमा मानिसको रूपमा जन्मिनु भयो र साढे तेत्तीस वर्ष यहाँ बस्नु भयो। यस संसारमा उहाँको अन्तिम साढे तीन वर्षको अवधिमा, इस्राएलको विभिन्न ठाउँहरूमा प्रचार गर्दै हिड्नु भयो। यस्तो ठाउँ (संसार) जहाँ शत्रुता, स्वर्थिपना र अपराधले भरिएको छ। मानिसले यस्तो संसारमा कसरी जीवन जिउनु पर्दछ ? हरेकले कसरी अनन्त जीवन पाउन सक्छ? येशू ख्रीष्टले आफूले प्रचार गरेअनुसारको जीवन जिउनु भएको ले हजारौंको संख्यामा भिड उहाँको पछि लागेको थियो । एक दिन येशू पहाडमा गएर पूरा रात प्राथनामा

बिताउनु भयो। त्यसपछि, विहानमा १२ जन चेला छान्नु भयो; तिनीहरूलाई 'प्रेरित' भनेर बोलाउनु भयो र यस्तो आज्ञा दिनु भयो, "सुन! म तिमीहरूलाई ब्वाँसोका बीचमा भेडाझै गरी पठाउँछु। गएर प्रचार गर कि," "पश्चाताप गर, आफ्नो हृदय र रहन-सहन परिवर्तन गर, किनभने स्वर्गको राज्य चाडै आउन लागेको छ।" येशू ख्रीष्टले भने झै ती चेलाहरूले काम पुरगरे र यसो भन्दै फर्किए, "हे प्रभु, जब तपाईंको नाउँ हामीले आदेश दियौ भूतहरूले पनि हाम्रो आज्ञा माने!" येशूले तिनीहरूलाई भन्नुभयो, "तर ती आत्माहरू तिमी हरूको आज्ञालाई पालन गर्दछन् भनेर तिमीहरू खुशी हुनु हुँदैन। बरू तिमीहरूको नाम स्वर्गमा लेखिएको छ भनी तिमीहरू खुशी होऊ।"

पत्रुसले येशूलाई भने, 'हामीले आफूसित भएका प्रत्येक कुरा त्यागेर तपाईंको पछि लाग्यौं। त्यसो भए हामीले के पाउनेछौ।'येशूले चेलाहरूलाई भन्नुभयो, तिमीहरूले छोडेको भन्दा धेरै पाउनेछौं । तिनीहरूले अनन्त जीवन अर्थात् मुक्ति पाउनेछौं।" येशू ख्रीष्ट बौरी उठेपछि, चलिस दीन भित्रमा एघार पटक चेलाहरु काहा देखापर्नु भयो। स्वर्ग उठाई लगिनु भन्दा पहिला येशूले आफ्ना चेलाहरूलाई यसो भन्नु भयो, ***"स्वर्ग र पृथ्विका सारा अधिकार मलाई दिइएको छ। यसकारण जाऊ र सबै देशका मानिसहरूलाई मेरा चेलाहरू बनाऊ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा देओ। जे जे मैले तिमीहरूलाई आज्ञा गरे ती सबै पालन गर्न तिनीहरूलाई सिकाओ। अनि जगतको अन्तसम्म म सदैव तिमीहरूका साथमा हुनेछु।"***



## जसरी येशूले १२ प्रेरित (चेला) बोलाउनुभयो र उनीहरुको प्रतिबद्धता:

(मत्ती १०:२-४; मर्कूस ३:१६-१९; लुका ६:१४-१६)

गालील तालको किनार भएर येशू हिँडिरहनु भएको थियो। येशूले शिमोन र उसको भाइ अन्द्रियासलाई देख्नुभयो। यी दुवैजना माछा पक्रनेहरू थिए अनि पोखरीमा माछा समात्न जाल हान्दै थिए। येशूले तिनीहरूलाई भन्नुभयो, "आओ अनि मसँग हिँड, म तिमीहरूलाई बेग्लै प्रकारको माछा पक्रनेहरू बनाउँछु। तिमीहरू मानिसहरू बटुल्ने काम गर्नेछौ माछाहरू होइन।" त्यसकारण शिमोन र अन्द्रियासले तिनीहरूको जाल फ्याँकिदिए अनि येशूलाई पछ्याए। (मर्कूस १: ६-१८)

**१. पत्रुस:** पत्रुस येशू को प्रिय चेलाहरु मध्ये एक, येशू ख्रीष्टको पुनरुत्थान पछि साहस्पुर्ण तरिकाले सुसमाचार प्रचार गरे। विभिन्न मानिसहरूको विश्वास अनुसार पत्रुसले धेरै चर्चहरुको स्थापना गरेका थिए। उनलाई रोम मा क्रुसमा उल्टो पट्टी झुणड्याएर **ए. डी.६४** मा हात्यागरिएको थियो।

**२. अन्द्रियास:** पत्रुसको भाई, जसले पत्रुस् को सेवाकाई र चर्च स्थापनामा दरिलो खम्बाको रूपमा उनलाई सहयोग गरे। अन्त्यमा, जहाँ उनले तीन हजार भन्दा बढी मानिसहरुको बीचमा परेमश्वर को वचन प्रचार गरेका थिए त्यही ठाउँमा उनलाई क्रुरतापूर्वक कुटेर मारियो। उनले आफ्नो जीवन को अन्तिम सास रहँदा सम्म येशु खृष्टको प्रेम र मोकक्षा पाउने बाटोको प्रचार ती

मानिसहरु जसले उसलाई पीडा दिएर मार्न लागि रहेका थिए उनीहरूको बीचमा गरिरहे । **ए. डी. ७०**

"येशू गालीलको ताल भएर केही पर गइरहनु भएको थियो। उहाँले अरू जब्दीका दुइजना छोराहरू दाज्यू-भाइ याकूब र यूहन्नालाई देख्नु भयो, तिनिहरू आफ्नो डुङ्गामा चढेर माछा मार्न जाल तयार गर्दैथिए। तिनीहरूका बाबु जब्दी र उनका काम गर्नेहरू पनि तिनीहरूसित डुङ्गामा नै थिए। जब येशूले यी दूई दाज्यू-भाइलाई देख्नुभयो, उहाँले तिनीहरूलाई आफूकहाँ बोलाउनु भयो र तिनीहरु आफ्ना बाबुलाई छोडेर येशूकहाँ आए।" (मर्कूस १:९,२०)

**३. याकूब:** याकूबलाई "एउटा गर्जनको सानो टुक्रा' पनि भनिन्छ, उनी येशूका विश्वास योग्य चेला थिए। उनी येशूको सेवाकाईको काममा सहभागी थिए। राजा हेरोड, र अर्का स्पेन का राजाले विश्वासीहरूलाई सताउने मात्र नभएर याकूब लाई घाँटी रेटेर हत्या गरेका थिए । येशू ख्रीष्ट का चेलाहरु(प्रेरित) मध्येमा सहिद हुने, याकूब पहिलो थिए । **ए. डी. ४४-४५**

**४. यूहन्ना:** याकूबको भाइ यूहन्ना लाई पनि "एउटा गर्जनको सानो टुक्रा' को रूप मा चिनिन्छ। उनी येशूका प्रिय चेलाभएको ले उनी सधैं येशूको साथैमा रहन्थे। जब येशूका लाई क्रुशमा चडाइयो, जब सबै चेलाहरु डरले आफ्नो जीवन बचाउन भागेका थिए, यूहन्नाको येशूको साथ मा बसेका थिए। यद्यपि, उनलाई एकपटक उम्लिरहेको तेल मा डुबाएर मार्न खोजिएको थियो,तर परमेश्वरले एउटा चोट बिना उनलाई बचाउनु भयो। जब यूहन्नालाई पत्मोस्को टापुमा कैद गरिएको थियो, तब येशू उनीकहाँ देखा पर्नुभयो र



अनुग्रह गरीकन यो संसारको अन्त मा के हुन लागेको छ सो दर्शन दिनु भयो, जुन कुरा प्रकाशको पुस्तकमा व्याख्या गरिएको छ। उनी एकमात्र यस्ता चेला हुन जो उमेर पुगेर प्राकृतिक मृत्यु भएको थियो । **ए. डी.९५**

**५. फिलिप:** जब येशूका गालीली तिर जादै हुनुहुन्थ्यो,उहाँले फिलिप लाई भेट्नु भयो र भन्नु भयो , "मलाई पछ्याउ"। तत्कालै फिलिप येशूको पछि लागे। येशू ख्रीष्टको पुनरुत्थान पछि, सिरियामा उनले सेवा गरे र त्यहाँ उनलाई क्रुशमा टागेर मारियो। **ए. डी. ५४**

**६. बर्थोलोमियो/ नाथानिएल:** फिलिप् ले नथानिएल लाई भेटे र येशू ख्रीष्टको बारेमा बताए। त्यसपछि दुबई जना येशूलाई भेट्न गए। जब येशूले परै बाट नथानिएल आइरहेको देख्नु भयो उहाँले तिनलाई भन्नु भयो, "यिनी एक साँचो इस्राएली हो, जसमा केहि झुटो छैन।" येशुसँगको केहीसमयमा उनी येशूका चेला बने। उनले भारत लगायतका अमेरनियन देशहरूमा येशूको काम गरे। अन्त्यमा उनलाई निर्दही तरिकाले कुटिएको थियो, जीवितै छाला निकालियो र क्रुसमा टागेर उनको हत्या गरिएको थियो। **ए. डी. ७०**

**७. थोमस:** थोमसलाई दिदामस नामले पनि चिनिन्छ। प्रभु येशू ख्रीष्टका बाह्र चेला मध्येका एक उनी येशूको महिमित शरीर हेर्न र छुन पाउने एक विशेषाधिकार पाएका व्यक्ति हुन। उनको बुझाईमा येशू " मेरा प्रभु र मेरा परमेश्वर"। इतिहासको अनुसार, येशुखृष्टको पुनरुत्थान पछि थोमस यरूशलेम बाट यात्रा सुरु गरेर दक्षिणभारत को केरेला को कोडुंगालुर भन्ने ठाउँमा ए. डि ५२

मा आइपुगे। उनले त्यहाँ सुसमाचार प्रचार गरेर दस वर्ष सम्म बसे। धेरै जनाले येशूमा विश्वास पनि गरे। त्यसपछि तमिलनाडुको माइलापुर भन्ने ठाउँमा गए। हदेराि जाना उनको प्रचार सुन्न भेला हुन्थे र धेरैले विश्वास पनि गरे। त्यहाँ पश्रमेश्वर्को काम गर्न मनाही गरिन थालियो र अन्त्यमा उनलाई ३ जुलाई ए.डी. ७२मा मारियो जुन ठाउँ अहिले सन्त थोमस माउन्ट भनेर चिनिन्छ।पछि उनलाई सन्त थोमस चर्च जुन चेन्नईमा पर्दछ, त्यहाँ गाडियो। विश्वमा, सन्तहरुका चिहान माथि बनाइएका जम्मा तीनवटा मात्र चर्चहरु छन तीनीहरु:- सन्त पत्रुस भ्याटिकन, सन्त जेम्स जो स्पेन मा पर्दछ र सन्त थोमस जो चेन्नई मा छ। भारतको सरकारले सन्त थोमसको सम्झनामा टिकट चलान गरेको छ।







**मिति २१/१२/००७२ ; ठाउँ : माईलापुर, चेन्नई, भारत**

**८. मत्ती:** कपर्नुममा रोमी अधिकारीहरूको मुनि रहेर मत्ती कर उठाउने गर्दथे। जब येशूले मात्ती लाई कर उठाउने अफिसमा बसिरहेको देख्नु भयो, उहाले उहाँलाई भन्नु भयो “मलाई पछ्याउ”। तत्कालै मत्तीले आफ्ना सबै काम छोडेर येशूको पछि लागे। उनले इथियोपियामा जोसका साथ सेवा गरे र चर्च निर्माण गरे। उनलाई भलाले हानेर हत्या गरियो। **ए. डी. ६०-७०**



**९. अल्फेयसका छोरा याकूब:** उनले येशूको पुनरुत्थान पछि यरूशलेमका मण्डलीहरुलाई बलियो बनाए। याकूबलाई मन्दिरको टुप्पाबाट खसाउँदा पनि उनको मृत्यु नभएपछि, ९४ को उमेरमा उनलाई लुगा धुन प्रयोग हुने काठ ले हानेर मस्तिष्कबाहिर आएपछि उनको मृत्यु भएको थियो। **ए. डी. ६३**

**१०. थाडियस:** येशु खृष्टका थाडीयस एक चेला जसले ग्रीसको एडिसा भन्ने स्थानमा सेवा गरे र धेरै मानिसहरूलाई येशूको विश्वासमा ल्याए। उनको सेवाकैको समयमा उनलाई धेरै तनावग्रस्त परिस्थिति भएर जानु परेको थियो र अन्त्यमा क्रुश मा झुण्ड्याएर उनको मृत्यु गरिएको थियो। **ए. डी. ७२**

**११. जीलोट सिमोन:** उनले युरोपको ब्रिटेनमा परमेश्वरको वचन प्रचार गरे। येशूमा धेरै मानिसहरूको जीवन जीते। अन्त्यमा उनलाई क्रुसमा झुन्डयाई हत्यगरियो र उनको शरीर टुक्रा टुक्रा हुने गरी काटियो। **ए. डी. ७२**

**१२. मत्थियस :** येशूलाई धोका दिने, यहुदा इसोरिओतको साटोमा प्रेरितहरुले मथियस्लाई छानेका हुन्। उनले यरूशलेम र इस्राएल मा प्रभुको वचन प्रचार गरे। यन्त्यमा उनलाई ढुङ्गाले हानियो र सिर काटेर हत्या गरियो। **ए. डी. ७०**

**१३. पावल :** येशू आफु स्वर्ग उठाई लगिएपछि, पावलसँग विशेष परिस्थतिमा जम्काभेट हुनुभयो र सन्त हुनलाई छान्नु भयो ताकि उसले अन्यजातीहरु, राजाहरू र इस्राएलका अरु छोराछोरीहरुको बीचमा यशुको नाउँ लाई पुर्याउन सकोस्। आजभोलि पनि पावललाई यी सबै वर्गमा मापन गरिन्छ: आफ्नो

जन्म देखि, वंशावली, रुढीवादी, धार्मिक तृष्णाले भरिएको, सामाजिक पहिचान, र व्यक्तिगत धार्मिकता भएको व्यक्ति। तर पावल ले सबै पहिचान लाई त्याग गरेर, यी सबै कुराहरू, येशूको ज्ञानको सिद्धताको अगाडि केही काम नलाग्ने रूपमा लिए।

एक ताका, पावल चाहिँ येशु खृष्टका र येशूलाई पछ्याउनेहरूका विरोधी थिए किनकि उनले सोच्दथे की ख्रीष्टियनहरुले यहूदिहरूको लागि तगारो हुन्। जब पावल दमास्कसको बाटो भएर ख्रीष्टियनहरुलाई सतवत को लागि जाँदै थिए, उनको भेट महिमित येशू सँग हुन पुग्यो र येशुखृष्ट नै साँचो परमेश्वर हुनुहुन्छ र मानिसहरूको बीचमा उनीहरूको पाप बाटबचाउन शरीर लिएर यो संसारमा आउनुभएको हो भनी महसुस गरे। यसरी, जब पावल दमास्कस पुगे उनी सताउने मानिसको रूपमा नभएर एउटा विश्वासी को रूपमा थिए र सबैलाई येशुखृष्ट चाई संसारका प्रभु र उद्धार कर्ता हुनुहुन्छ भनी पुरानो करारबाट प्रमाण सहित शिक्षा दिन लागे। त्यसपछि, पावित्रात्मको अगुवाइ पाएर, उनले त्यतिबेलाका मुख्य शहरहरूमा आफ्ना तीन वटा मिसनरी यात्रा सुरु गरे जसमा उनको प्रचार मुख्यगरी यस प्रकार थियो, 'उद्धार र मुक्ति चाई हाम्रो विश्वास प्रभु येशुखृष्टमा बाट मात्र छ।' जसजस्ले विश्वास गरे उनीहरू चर्च मा भेला भएर येशुखृष्टको आराधना गर्न थाले। पावल ले जम्मा १३ वटा पत्रहरू ख्रीष्ट र चर्चको सिद्धान्तको व्याख्या गर्दै लेखेका छन्। पावल लाई एक महान सन्त रूपमा हेरिन्छ तथापि, सुसमाचारको खातिर उनको शरीरको पछाडि ३०० कोर्रा लगाइएको र भोक, तिर्खा र अनिन्द्रमा राखिएको



थियो। उनले जेलखानमा पनी कष्ठ भोग्न पर्यो। उनलाई आफ्नै जाती हरू (यहूदी)र अन्यजातीहरुले सताव ट गरेका थिए। उनले सहरमा, मरूभूमिमा, र समुन्द्रमा भयात्मक कुराहरू सहन परेको थियो। उनलाई एकठाउँ बाट अर्को ठाउँ पुर्याउँदा पुर्याउदै अन्त्यमा रोम मा लगेर मृत्युदण्ड दिएको थियो।

मृत्युदण्ड दिएको वर्ष : ए. डी. ६७

## सारांश

माथि व्याख्या गरिएका १२ चेलाहरुले येशु खृष्टको शिक्षा मानिसहरूको बीचमा पुर्याउन लाई आफ्नो पूरा जीवन समर्पण गरे। विभिन्न कठिन परिस्थिति र समस्याको सामना गर्नु परेतापनि उनीहरू विभिन्न देशमा गएर येशू ख्रीष्टको सुसमाचार घोषणा गरे। येशूको खातिर उनीहरू आफूमाथि जस्तोसुकै बेइजती वा मृत्युसम्म पनि भोग्न तयार थिए। येशू ख्रीष्टको शिक्षामा वचन मात्र नभएर अरु धेरै आश्चर्य कर्म हरु पनि पर्दछन। उहाँको ईश्वरीय गुण धारण गर्न र उनीहरुलाई समाज को लागी योगदान गर्न सक्षम बनाउन धेरैको जीवन पवित्र गरीएको छ।

## सन्त डा. ग्राहम

उदाहरणको लागि, डा. ग्राहम जोअस्ट्रेलियाबाट आएर भारतको उडिसा भन्ने ठाउँमा कुष्ठ रोगीहरूको सेवा गरे। २२-०१-१९९९ मा दुई छोराहरू, १० वर्षको फिलिप र 6 वर्षको तीमोथी, कुटिए र जीवितै जलाएर मारिएको थियो। जब येशू ख्रीष्ट क्रूसमा हुनुहुदा ती मानिस जसले उहाँलाई मार्दै थिए, उनीहरूको

लागि येशू ले यस्तो प्राथना गर्नु भयो “पिता उनीहरुलाई क्षमा गरिदिनुहोस्, उनीहरू के गर्दैछन सो जान्दैनन्।” यसरी नै ग्राहमकी पत्नी र छोरीहरूले पनि आफ्नो श्रीमान र बाबुका हत्याराहरुलाई क्षमा दिए। यो चाहिँ ईश्वरीय प्रेम थियो। हो, आजपनि यदि हरेक मानिसमा यस्तो मनोवृत्ति प्रचलित हुन्थ्यो भने, यो धर्तीमानै स्वर्गको अनुभूति गर्न सकिनेथियो।



डॉ. ग्राहम स्टेन्स परिवार

त्यसैले, आउनुहोस् हामी उनीहरूलाई पनि विचार गरौं जसले आफ्नो जीवनको बाजी राखेर पनि येशू ख्रीष्टको सुसमाचार प्रचार गरे।



शिवमोगा स्थानीय दैनिक समाचार पत्र ०९-१२-२०१३ मा प्रकाशित एक लेख।



## २०. ईश्वरीय ज्ञान



*खराबी द्वारा पराजित नहोउ , तर खराबी लाई भलाइले जित्; खराब को लागि खराब नगर ....यो संसारले येशूको वचन पालन गरेको छैन.....निसन्देह यो संसार आज अशुद्ध छ।* -स्वामी विवेकानन्द गनदिप- १९६३ भाग- ७ पेज नं ११९

करिब ३००० वर्ष अगाडि, यरुसलेहेम का राजा सोलोमनका अगाडि दुईजना स्त्रीहरू आए। तिनीहरू मध्ये एक ले बिन्ती गरिन्, सुन्नुहोस्! मेरा प्रभु, मसँग आएकी ई स्त्री र म एउटै कोठामा बस्छौ। तेस्रो दिन मा उनले आफ्नो बच्चालाई जन्म दिइन्। यो घरमा हामी दुई बाहेक अरु कोहीपनि बस्दैन। रातको समयमा उनी आफ्नो बच्चा तिर फर्केर हेरिन् तब बालक मरिसकेको थियो। यसैले उनी मध्ये रातमा उठिन् र म, तपाईंको नोकर्नी गहिरो निन्द्रामा थिए, मेरो छेउ बाट मेरो बालक उठाइन् र आफ्नो मरेको बालक लाई मेरो दुध खुवाउन थालिन्। अर्को दिन बिहान आफ्नो बच्चा लाई खुवाउन भनेर उठे तर बच्चा मरेको थियो! जब उज्यालो भएपछि मैले नियालेर हेरे ,त्यो बालक मैले जन्माएको बच्चा थिएन।” अर्को स्त्रीले भनिन्, “होइन! यो जिउँदो बालक चाहिँ मेरै हो; मरिसकेको बालक तिम्रो हो।” तर पहिलो स्त्रीले दाबी गरिन् की, “होइन! मरेको बालक तिम्रो र जीवितै बालक चाहिँ मेरो हो।” यसरी उनीहरू केही संसम्म

राजाको अगाडी वादविवाद गरिरहे। राजाले केहीबेर विचार गरे र भने, " तिमी एउटीले भन्छौ मरेको बालक तिम्रो र जीवितै बालक मेओ अनि फेरि अर्कीले भन्छौ जीवित बालक मेरो र मरेको बालक तिम्रो। मलाई एउटा तरवार लेऊ।" र तीनीहरुले तरवार ल्याएर राजा लाई दिए। त्यसपछि राजाले यसो भने, " त्यो जीवित बच्चालाई काटेर दुई टुक्रा बनाऊ र एउटा टुक्राचाहिँ यो स्त्री लाई दिनु र अर्को टुक्रा त्यो स्त्री लाई दिनु।" त्यो स्त्री जस्को बालक जीवितै थियो, उनी एकदम भावबीहोल बनिन् र राजा सँग बिन्ती गर्न लागिन्, " बिन्ती छ, मेरा प्रभु, जिउँदो बालक उसलाई दिनुहावस्! बालक लाई नमार्नु होस्!" अर्की आइमाईले भनी, "यो ठीक छ। नानीलाई दुइ टुक्रा पार्नुहोस्। तब हामीमध्ये कोही पनि उसलाई पाउने छैनौं।"तर पहिलो आइमाई, जो असली आमा थिई, उ आफ्नो नानीको मायाले व्याकुल थिई। उसले राजालाई भनी, "महाराज, नानीलाई कृपया नकाट्नुहोस् बरू उसलाई नै दिनुहोस्।" तब राजा सुलेमानले भने, "नानीलाई नकाट! यसलाई पहिलो आइमाईलाई दिइहाल। ऊ नै असली आमा हो।" इस्राएलका मानिसहरूले राजा सुलेमानको निर्णय सुने। तिनीहरूले उनको धेरै नै आदर र सम्मान गरे किनभने उनी बुद्धिमान थिए। तिनीहरूले देखे सही न्याय गर्नमा उनीसँग परमेश्वरको बुद्धि थियो। (१ राजा ३: १६-२८)

परमेश्वर ले हरेक प्राणी लाई जीवन र शरीर गरीकन सृजनुभयो। तर मानिसलाई चाहिँ प्राण, आत्मा र सरीर गरीकन सृष्टी गर्नु भयो। केवल आत्मा मा मात्र ज्ञान(विसडम) हुदछ। ज्ञान बिना मानिस एउटा पशु जस्तो मात्र हो; भलै उसले संसारका थोक



हरु प्रसस्त कमाएको होस्, हेर्नमा सुन्दर होस् यात शारीरिक क्षमता होस्। तर यस्तो व्यक्ति जो सँग यस संसारमा केही छैन तर ज्ञान छ भने उसको मान्यता बढी हुन्छ। ज्ञानि-मानिसहरू उज्जवल आकाश झैं चम्कनेछन्। अनि तिनीहरू तिनीहरूलाई सत्यको मार्गमा सदा-सर्वदाको निम्ति डोर्याउने ताराहरू झैं हुनेछन्। यसैले, मानिसको जीवनमा ज्ञानको महत्व धेरै छ। र यो संसारमा ज्ञान झै अरु केहीपनि छैन।

संसारका विभिन्न विश्वविद्यालय, अरूशैक्षिक संस्थाहरू र अरू अनुभवहरूले हामीलाई जानकारी/बुद्धि (नलेज) दिन सक्ला तर संसारले हामीलाई ईश्वरीय ज्ञान दिन सक्दैन। संसारको ज्ञान परमेश्वरको अगाडि मुर्खपन हो। ईश्वरीय ज्ञान ( डीभाइन विसडम) आत्मासँग सम्बन्धित हुन्छ। हाम्रो आत्माको प्रभु चाहिँ सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ र यो ज्ञान (विसडम) उहाँबाट नै पाउँछौ। पवित्र बाइबल ले भन्दछ, परमप्रभुको भया नै ज्ञानको सुरुवात हो र जसले उहाँको आज्ञालाई पालन गर्दछ ऊ ज्ञानपूर्ण हुन्छ।" परमेश्वरको भयको मतलव केवल प्राथना मात्र गर्नु, प्रसंसा गर्नु वा अरु धार्मिक कार्य गर्नु मात्र नभएर यो चाहिँ पापका कुराहरू जस्तै घमण्ड, अहंकार, दुस्टपना आदिबाट टाढा रहनु हो।

ज्ञानका कुराहरूमा ध्यान देऊ। तिम्रो समझ शिक्षाहरू तिर लगाऊ। ज्ञानका निम्ति बोलाऊ अनि समझशक्ति पाउनलाई कराऊ। चाँदी खोजे झैं ज्ञान खोज, गाड-धन खोजे झैं ज्ञान खोज।यदि तिमीले यसो गर्यौ भने परमप्रभुको डर मान्नुको अर्थ के हो तिमीले जान्न सक्ने छौ। तिमीले साँच्चै नै परमेश्वरको विषयमा जान्ने छौ। परमप्रभुले ज्ञान दिनुहुन्छ। बुद्धि अनि

समझशक्तिहरू उहाँको मुखबाट बग्दछन्। उहाँले असल र ईमानदार मानिसको लागि उहाँको भण्डारमा विजय साँचेर राख्नु भएको छ। उहाँले ती मानिसहरूको रक्षा गर्नुहुन्छ जो अरू प्रति स्वच्छ हुन्छन् उहाँले पवित्र मानिसहरूलाई पहाडा दिनु हुन्छ। यसर्थ परमप्रभुले तिमीहरूलाई ज्ञान दिनुहुनेछ अनि तिमीहरूले सही, असल र न्यायपूर्वक कुराहरू बुझ्नेछौ। बुद्धि तिम्रो हृदयमा पस्नेछ अनि ज्ञान पाएर तिमीहरूको आत्मा सुखी हुनेछ। ज्ञानले तिमीलाई सुरक्षा दिनेछ र बुद्धिले तिम्रो रक्षा गर्नेछ। ज्ञान र बुद्धिले दुष्ट मानिस झैं भूल मार्गमा रहनबाट रोक्छ अनि दुष्टतापूर्वक बोल्नेहरूबाट बचाउँछ। ज्ञान र बुद्धिले दुष्ट मानिस झैं भूल मार्गमा रहनबाट रोक्छ अनि दुष्टतापूर्वक बोल्नेहरूबाट बचाउँछ। यस्ता मानिसहरू इमान्दारी मार्गबाट हट्छन्, तिनीहरू अँध्यारो मार्गमा हिँड्छन्। तिनीहरू नराम्रो कर्म गर्न रूचाउँछन् र त्यसमा आनन्द लिन्छन्। तिनीहरूको मार्गमा भरोसा गर्न सकिंदैन, तिमीहरूका मार्गहरू कपटपूर्णछन्। तिनीहरू झूटो बोल्छन् अनि ठग्छन्। तर तिम्रो ज्ञान र बुद्धिले तिमीलाई ती चीजहरूबाट अलग्ग राख्छ। बुद्धिले तिमीहरूलाई पर-स्त्रीबाट अलग राख्छ र तिमीलाई ऊ प्रति आकर्षण गराउने मिठा कुराहरूबाट बचाउँछ। जब त्यो आइमाई तरूणी थिई त्यसले विहे गरी, तर त्यसले आफ्नो लोग्नेलाई छाडि दिई। आफूले परमेश्वरको अघि विहेको समयमा गरेको प्रतिज्ञा भूली। अनि अब उसित उसको घर जाँदा उसको घरले मृत्यु सम्मुख पुर्याउँछ। उसको पछि लाग्ने मर्नेछ। जो कोही उसको घरभित्र जान्छ उसले आफ्नो जीवन गुमाउँछ, ऊ जीवनको मार्गमा फर्कि आउँदैन। ज्ञानले तिमीहरूलाई असल मानिसहरूले गरेको कार्यको



उदाहरण अनुशरण गर्न सहायता गर्छ अनि धर्मी मानिसहरूको जीवन रीतिमा बाँच्न सिकाउँछ। जसरी धनी हुनु राम्रो हो त्यसरी नै ज्ञान हुनु पनि राम्रो हो। विवेक ती जो कोही जीउनेहरूको निम्ति श्रेष्ठता हो। धनी हुनु भन्दा ज्ञानी हुनु राम्रो हो। जीउँदो मानिसको लागि ज्ञान लाभदायक हो(उपदेशक ७:११,१२)। ज्ञान र समझ-शक्तिलाई प्राप्त गर। मेरो अर्तीलाई नबिर्सनु अनि मैले दिएको शिक्षाहरूलाई अस्वीकार नगर्नु। ज्ञानलाई नत्याग, ज्ञानलाई प्रेम गर, तब ज्ञानले तिम्रो रक्षा गर्नेछ। सबभन्दा महत्वपूर्ण कुरो नै ज्ञान हो। तिमीले ज्ञान प्राप्त गर्न आँफूसँग भएको सबै बेच। ज्ञानलाई सम्मान गर अनि यसैले तिमीलाई महान बनाउँने छ। ज्ञानलाई अँगाल यसले तिमी मा सम्मान ल्याउनेछ। उसले तिम्रो शिरमाथि महिमाको माला लगाई दिन्छ अनि तिमीलाई महिमामय शिरपेचले सुगोभित पार्छे।

एक बुद्धिमान भक्त यसरी भन्छन्, “हे परमप्रभु! म तपाईंका व्यवस्थालाई माया गर्छु। म त्यसको विषयमा सदाकाल भन्ने गर्छु। हे परमप्रभु, तपाईंको आज्ञाहरूले मलाई मेरो शत्रुहरूभन्दा बढता ज्ञानी बनाउँदछ। तपाईंको नियमहरू मसँग सदैव रहन्छ। म आफ्ना शिक्षकहरू भन्दा पनि ज्ञानी छु किनभने म तपाईंको करार-वचनको अध्ययन गर्दछु। मेरो समझदार नेताहरूले भन्दा मैले बढता बुझेको छु किनभने म तपाईंको आज्ञाहरू राख्दछु।” (भजनसंग्रह ११९:९७-१००)

उदाहरणका लागि, सबै अन्वेसकहरु जसले हाम्रो अन्धो भक्तिबाट बचाउन विभिन्न खोजगरी हाम्रो जीवनलाई अझ असल बनाउन सहायता गरे उनीहरू सबैजसो परमेश्वरको भ य मात्रे

मानिसहरू थिए। उनीहरूले पवित्र बाइबललाई पछ्याए र त्यहाँ भएको शिक्षालाई अनुसरण गरे। ती मानिसहरू र तिनीहरूका आविष्कारहरु यसप्रकार छन्:

## आविष्कारहरु

ती मानिसहरू जसले बाइबलका शिक्षालाई पछ्याए, उनीहरूले हामी मानिस हरुलाई यो पृथ्वीमा बस्नलाई धेरै सजिलो बनाउने, विमारीहरुलाई निको उपचारहगर्न मिल्ने, गरिबी/भोका हरुलाई निर्मूल पार्न, जीवनको आयु लम्ब्याउन, सुरक्षाका उपाय, शिक्षा को वृद्धि, खबर आदानप्रदान मा सजीलोहुने, छिटो यात्रा गर्न सकिने, ज्ञानका कुरा मा वृद्धि हुने खालका असंख्य आविस्करहरु गर्न सफल भएका छन्।

| सी. न | आविष्कारहरु | आविष्कारक | देश |
|---|---|---|---|
| १. | जोड्ने मेशिन | ब्लाइसे पास्कल | फ्रान्स |
| २ | ठेगाना प्रिन्टर | जे.एस. डनक्यान | यु. एस |
| ३ | एयरसीप (non-rigid) | हेनरी गिफ्फर्ड | फ्रान्स |
| ४ | हवाईजहाज | ओर्भिल राइट् | यु. एस |
| | | र विलबर राइट् | यु. एस |
| | | किट्टी हॉक | उत्तरी क्यारोलिन |
| | | | |



| सी. न | आविष्कारहरु | आविष्कारक |
|---|---|---|
| ५. | एयरसीप (rigid), | ग्राफ फर्डिनान्ड वोन जिप्पेलिन |
| ६. | निस्संक्रामक | डा. जोसेफ लिस्टर |
| ७ | टेबल बत्ति | सी. एफ. ब्रुस |
| ८ | आर्गन | सर विलियम रामसे र बरोन रे |
| ९ | एस्पिरिन औषधी | डा. फेलिक्स हफ्फमेन् |
| १० | परमाणु बम | जुलियस रोबर्ट, अप्पेन्हेमर |
| ११ | हेलिकप्टर | जुआन डि ला कर्भा |
| १२ | कार (बाफ) | निकोलस काग्नट |
| १३ | कार (पेट्रोल) | कार्ल बेन्ज |
| १४ | प्लास्टिक चुरा | लाओ एच्. ब्याक्सलाण्ड |